# प्रदेश सभा

## गण्डकी प्रदेश

## पाँचौं अधिवेशन

## (पहिलो बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति:- २०७६/०९/२३, विहान ११.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको पाँचौं अधिवेशनको आजको बैठकको कारबाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा विहान ११:१९ मिनेटमा प्रारम्भ भयो।

### सभामुख श्री नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु प्रदेश सभाको पाचौं अधिवेशनको पहिलो बैठकको कारबाही प्रारम्भ हुन्छ। सर्वप्रथम माननीय प्रदेश प्रमुखबाट यो अधिवेशन आह्वान सम्बन्धि पत्र प्राप्त हुन आएको छ। सो को ब्यहोरा म पढेर सुनाउछुँ।

मिति:-२०७६/०९/१४

श्री माननीय सभानुखज्यू,
प्रदेश सभा
गण्डकी प्रदेश,पोखरा।

**विषय : प्रदेश सभाको अधिवेशन अह्वान गरिएको।**

प्रदेश सरकार गण्डकी प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको अधिवेशन सम्वत २०७६ साल पौष २३ गते बुधवार दिनको ११ बजे अह्वान  गरेको छु ।

अमिक शेरचन

प्रदेश प्रमुख ।

मानननीय सदस्यहरु, हालै सम्पन्न उपनिर्वाचनमा बाग्लुङ जिल्ला क्षेत्र नम्बर (२) ख बाट नवनिर्वाचित माननीय सदस्य श्री खिम विक्रम शाही लगायत यस प्रदेश सभाको पाँचौ अधिवेशनको पहिलो बैठकमा उपस्थित सम्पूर्ण माननीय सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु। अब लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञान, अज्ञात शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेटको मौन धारण गरौं।

धन्यवाद।

माननीय सदस्यहरु अब म प्रदेश प्रमुखको कार्यालयबट प्राप्त विधेयकको प्रमाणीकरण सम्बन्धि पत्र पढेर सुनाउँछु।

मितिः- २०७६।०७।०१

**विषय : प्रमाणीकरण सम्बन्धमा।**

श्री प्रदेश सभा सचिवालय,

गण्डकी प्रदेश, पोखरा ।

प्रस्तुत विषयमा तदाँको पत्र संख्या २०७६/७७ चलानी नम्बर १६९, मिति २०७६।०६।२८ को पत्र सहित प्रास प्रदेश सभाबाट पारित प्रदेश सभाले सवारी तथा यातायात सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक मिति २०७६।०७।०१ मा

माननीय प्रदेश प्रमुखज्यूबाट प्रमाणीकरण भएकोले १ प्रति विधेयक यसै साथ संलग्न राखी पठाईको ब्यहोरा गरिन्छ ।

विश्वप्रकाश न्यौपाने

निमित्त सचिव।

माननीय सदस्यहरु अब म यस प्रदेश सभाको पाँचौ अधिवेशनको प्रथम बैठकको अवसरमा माननीय सदस्यहरुलाई आफ्ना भनाई राख्न समय दिन्छु। सर्वप्रथम माननीय श्री हरिशरण आचार्यलाई बोल्न समय दिन्छु।

## माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू, हामी हिउँदे अधिवेशनको प्रारम्भमा आज यो गरिमामय सदनमा उभिंदै गर्दा हामीले विगत निर्वाह गर्यौं र आगामी दिनका सचेतताका साथ पहल कदमी लिने कुरा कसरी गर्दैछौं ? सायद हामी उभिंदै गर्दा त्यो अनुभूती गर्ने कुरा स्वभाविक पनि हुँदो रहेछ । आज यो राष्ट्र निर्माण गर्ने अथवा यो राष्ट्रलाई अथवा हामी यो संसदमा उभिनका निमित्त एउटा आधार यो राष्ट्रप्रति सबभन्दा अगाडि जो निर्माण गर्ने यो राष्ट्रका सपुतहरु थिए। जो हाम्रा अग्रजहरु थिए। ती सबै अग्रजहरुलाई सबभन्दा अगाडि यो राष्ट्रप्रति सम्मान गर्दै सम्झन चाहान्छु। आज हामी यो ठाउँ सम्म आउनका निमित्त धेरै परिवर्तनगामी आन्दोलनहरु गर्यौं। यो संघीयता प्राप्त गर्नका निमित्त फरक ढङ्गले आन्दोलनहरु पनि अगाडि बढे। अनि ती सबै आन्दोलनहरु जो परिवर्तनका निमित्त भए, जो मुक्तिका निमित्त भए, अनि जो न्यायका निमित्त भए । जो समानताको अभिरुचीका साथ भए, ती सबै आन्दोलनहरुका महान शहिदहरु प्रति हार्दिक सम्मान ब्यक्त गर्न चाहान्छु। आज हामी यो संसदमा उभिंदै गर्दा हामीले सँगै हिजो हामीले गुमाएको साथी, गुमाएको माननीय त्यो ठाउँमा आज हामी फेरी निर्वाचन मार्फत अर्को माननीय सदस्य हामीले प्राप्त गरिसकेका छौं। त्यसैले यो उपनिर्वाचन मार्फत बाग्लुङ क्षेत्र नम्बर २ (ख) बाट निर्वाचित माननीय सांसद खिम बिक्रम शाहीज्यूलाई हार्दिक बधाई दलको तर्फबाट ज्ञापन गर्न चाहान्छु। अनि आज यो संसदमा हामी हिउँदे अधिवेशनमा उभिंदै गर्दा यो संसदको एउटा दुरगामी महत्व होस् , यो सदनले हामीले विगत भन्दा अलि फरक अनुभूति गराउने यो परम्पराको नयाँ विकास होस्। अनि यही

सन्दर्भमा सबैसँग यसको सफलताको हार्दिक हार्दिक शुभकामना साट्न चाहान्छु। आज मुलुक हेर्दा एउटा सुन्दर तलाउमा कमलको फूल जसरी पानीमा तैरन्छ , त्यस्तै त्यो तैरिएको जस्तै अनुभूतिको रुपमा यो मुलुक गुज्रदै आएको छ। हे र्दा सुन्दर छ, हेर्दा राम्रो छ । त्यो तलाउमा कमलको फूल फुल्दा खेरी कस्तो हुन्छ । सायद त्यसको सौन्दर्य  हामीले अनुमान गर्न पनि सक्दैनौं। हामी त्यही सौन्दर्यको बीचबाट हामीलाई आफैले आफैलाई नियाल्दा खेरी यो मुलुक कस्तो छ हामीले अनुमान लगाउन सक्छौ र आज यो मुलुकमा एकापट्टि परम्परागत शक्तिहरु एकापट्टि गएको देखिन्छ । पुरानै ढर्रा, पुरानै तरिका, पुरानै स्वरुप, पुरानै शासकिय संरचनाको बीचबाट यो मुलुक अगाडि बढिराख्दा खेरी यो नै सबैभन्दा सुन्दरतम नवीनतम उदाहरण हो भन्ने एउटा परिकल्पना त्यो दिमागमा जवरजस्त भरिएको एउटा वर्बराह शक्ति नेपालमा स्थापित भैराको छ । आफूलाई दानवीर मान्ने आफूलाई शक्तिको रुपमा मान्ने नेपालको राजनीतिक घटना क्रमले सायद हामीलाई त्यो ठाउँमा उभ्याइराख्दा खेरी एकपटक नयाँ तरिकाले सोच्नुपर्ने अवस्थाका रुपमा यो मुलुकमा त्यो परिस्थिति निर्धारणा गरेको अनुभूती हुन्छ। त्यसको विकल्पमा फेरी यो मुलुकमा चाहे जो सुकैले निर्माण गरोस् त्यसको विकल्पमा एकपछी अर्को हिजो काङ्ग्रेसको विकल्पमा कम्युनिष्ट आयो। कम्युनिष्ट पछाडी नयाँ शक्ती नयाँ ढङ्गले जन्मिएको कुरा अनि नेपालामा पनि अझ फरका ढङ्गले अरु शक्तिहारु पनि परिकल्पना गर्न सक्ने एउटा सुभेच्छाको कुरा सायद कसैले नकार्न सक्दैन । त्यसले जो सुकै होस तर यो मुलुका कुनै पनि बेला एउटा परिघटनाबाट गुज्रिदै गर्दा खरी हरेक  चिजको विकल्प भएर जन्मन्छ त्यो राजनीतिमा पनि हुन्छ ।  त्यसैले मैले यो गरिमामाया सदनमा उभिएर बोल्दै गर्दा साच्चै आज  के हामीले यो मुलुकमा त्यो एउटा तलाउमा तरिएको कमलको फुलको संगतलाई हेरेर पनि चित्त बुझाउने पेरिसथिती यो मुलुक पनि बनिराखेको छ । कदापि छैन । मलाई त्यो लाग्छ की आज हामी यो मुलुकमा यति धेरै बेथिति, यति धेरै शङ्कट आज हेर्ने हो भने निर्मला हत्याकाण्ड वाइडबडी काण्ड, सुन काण्ड, वालुवाटार काण्ड, एनसेल काण्ड, पछिल्लो घटनाक्रम जोडिएको गोकर्ण रिसोर्ट काण्ड, एमसिसि काण्ड  अनि जवरजस्त थुपारिएको सूचना विधेयक यो सबै हेर्दा खेरी आज हिजो जतिबेला कङ्ग्रेसको बहुमतको सरकार जतिबेला सरकार हुँदाखेरीको अवस्थामा कतिपय घटना क्रमहरुले तेरो घरमा कङ्ग्रेस

पसोस भनेर गालि गर्न पर्ने त्यतिबेलाको घटनाक्रम आज फेरी गान्धि शक्तिलाई त्यही रुपमा गालि गर्ने काण्डै काण्डको एउटा मुलुकको रुपमा परिचित नहोस् । आज हामीलाई कसैले धिक्कार्ने यो परिस्थिति सृजना नहोस् । हामी यो संसदमा उभिएर बोल्दै गर्दा खेरी हामीले त्यो कामना गर्न पाउनु पर्छ । यदि मुलुकको का साथ हामीले छातीमा हात राखेर भन्न सक्छौ भने यो मुलुकमा हामीले एकपटक काण्डै काण्डको मुलुक बनाउने हो या एउटा नविन एउटा इतिहास निर्मान गर्ने हो । आज हामीले एकपटक त्यो परम्परागत धरातलबाट माथि उठेर यो एउटा नवीनतम इतिहास निर्माण गर्ने नयाँ थलो उठ्ने हिम्मत गर्छौं । अहिलेको यही परिस्थितिमा सरकार अनि परम्परागत शक्तिका यी उदाहरणहरुकै बीच बाटै हेर्दा खेरी यो मैले कुनै पनि उदाहरण देखेको छैन । हेर्दा मलाई के लाग्छ भने मान्छेले भन्ने गर्छन् । धेरै सयौं यो मुलुकमा उखान टुक्का हालेर धेअरि कुरा भन्नु भन्दा एउटा काम गर्यो भने त्यो सयौं लाखौको गुणा बलसाली हुन्छ । त्यसैले वचन भन्दा एउटा काम लाखौं गुणा बलसाली हुन्छ भन्ने कुराको यो भनाइलाई हामीसाच्चै चरितार्थ गर्न सक्छौ की सक्दैनौ? अबको संसद अबको सरकारका गतिविधि त्यता तिर हामीले नियाल्न जरुरी छ । मेरो अनुभूति त्यस्तो छ । यसो हेर्दा खेरी सरकार एकापट्टि आफूलाईएक तरिकाको घमण्ड गरेर भैराखेको त्यस्तो अनुभूति हुन्छ । अर्को तिर सबुत हराएको हिरा जस्तो पतिपक्षि आलोचनात्मक चेत हराए जस्तो यस्तो प्रकारको प्रकृतिको लोकतन्त्र हाम्रो मुलुकमा उभिरहेको छ । यस्तो खालको तरिका मैले अलिकति कहाँ नेर इङ्कित गर्न खोजिराखेको छु भने यो मुलुकमा प्रतिपक्ष नै छैन जस्तो अनि प्रतिक्षको भूमिका नै छैन जस्तो अनि लोकतन्त्रको महत्व नै छैन जस्तो अनि लोकतन्त्र नै सिद्धिए जस्तो यस्तो खालको यो परिपाटिले हाम्रो मुलुकमा बनिराको छ त्यसैले संसद लोकतन्त्र एक आपसमा यो अन्योनाशृत सम्बन्ध अथवा अन्तर सम्बन्ध छ भन्ने कुराको विषयवस्तु सायद हामी बुझ्यौ भने यो मुलुक अर्को धरापमा पर्ने कुरा कुअनि शंका छैन । त्यसैले म बिनम्रताका साथ आज सरकारसँग आग्रह गर्न चाहान्छु की प्रतिपक्ष, सत्त पक्ष अथवा यो मुलुक सायद यी सबै चिज मिलेर बन्छ होला नि त । आज त्यो सबै चिजलाई नजर अन्दाज गरेर म भन्दा बाहेक अरु कोही छैन भन्ने प्रवहाको यो बुझाईले यो चेतनाबाट अगाडि बढि राख्दा खेरी के यो मुलुकमा अर्को तानाशाहा अर्को हिट्लर

जन्मिन्न भन्ने कुरा के ग्यारेण्टी छ । त्यसैले यो पक्षबाट हामी हेर्दै गयौं भने आज सबै प्रकृतिका घटनाक्रमहरु यसो हेर्दा खेरी गठबन्धनहरु पनि बन्दै गए जस्तो अनि यसो हेर्दा खेरी सबै शक्तिहरु दायाँ र बायाँ टाउको फर्किएकाहरु पनि पछाडीका बिंड जोडेर भएपनी मिलेको भाम गर्ने यस्तो प्रकृतिको राजनीतिक घटना क्रम यो मुलुकमा बनिराखेको छ । त्यसले हामीलाई के साच्चै हामीले चाहेको लोकतन्त्र, हामीले चाहेको राजनीति, हामीले चाहेको यो के सम्भव छ? कदापी सम्भव छैन । त्यसैले मलाई यस्तो पनि अनुभूति भैराखेको छ । यो मुलुकको नागरिक हुँदै गर्दा एउटा सुट र कोट पाइन्ट लागेको माछे कुनै पनि कार्यक्रमहरुमा कुनै पनि उभिँदै गर्दा उसले कुनै पनि प्रतिवन्ध बिना उसले गेट पाउँछ । हाम्रो नेपाल त्यस्तो हो । तर एउटा सामान्यझुत्रे झाम्रे मान्छे नागरिक जनता जो मान्छे इमान्दार छ मुलुकप्रति तर उसले कुनै पनि ठाउँमा कहिले पनि कुनै पनि ठाउँमा गेट पास पाउदैन। त्यही नेपालको नागरिक हरियो पासपोट बोकेर बिदेशको कुनै ठाउँमा पुग्दा त्यही नागरिक सम्मान, मतलब अपमान् बेहोर्छ, अनि रातो पासपोट पाउँदा खेरी त्यही ब्याक्ति सम्मान पाउछ। यही देशको नागरिक आखिर फरक के छ ? कारण के छ ? आज हामी सबै नागरिकहरुलाई त्यही प्रकारको सम्मान हुने, त्यही प्रकारको सबैको भावनातमक सम्मान हुने प्रकारको एउटा वातावरण निर्माण गर्न सक्छौ की सक्दैनौ एउटा नागरिकको त्यो अधिकार हामीले सुनिश्चित गर्न सक्छौ की सक्दैनौ सायद अबको लोकतन्त्रको मुल जिम्मा हाम्रो लागि त्यो बनेको छ। हामीले त्यो पुरा गर्न सक्ने एउटा आधार अबको मुलुकमा हामीले निर्माण गर्न सक्यौ भने सायद हामी खुसियाली अन्त कहिकतै खोज्न जानु पर्दैन। त्यो नरायणीको किनारमा पनि हुने छैन त्यो कोरोलाको नाकाको किनारमा पनि हुनेछैन त्यो हाम्रो नेपालीको हरेकको मन मस्तिष्कमा हुनेछ। त्यती बेला हामी धैर्यताका साथ पर्खिरहेका छौं। त्यो समयालाई त्यो परिस्थितिलाई हामी पर्खिराखेका छौं र यो परिस्थितिका निमित्त यसलाई सकारात्मक सन्देशका हिसाबले हाम्रो दल, सरकार, अनि लोकतन्त्रको पक्षमा अबिचलित रुपमा सहयोगी बन्ने छ। होइन भने यो परिस्थिति मुलुकमा यस्तो बिकराल स्थिति आउँदा खेरी पनि शक्ति र सत्ताको आडमा तै चुप मै चुप बस्ने यो प्रबृति दिन दहाडै घटना क्रमहरु बढिराखेका छन्। आज ती सबै काण्डै काण्डका ती

घटनाक्रमहरुले आफू भित्रको त्यो कमलको त्यो सुन्दरतालाई सबै सिध्याईदिएको छ भन्ने कुराको कम्तिमा त्यत्ति अनुभूत भयो भने यो मुलुकमा अरु धेरै चिज पर्खनु पर्दैन। धेरै चिज ब्यख्या गर्नु पनि पर्दैन । त्यसले धेरै राजनीतिक पार्टी लोकतन्त्रमा आवश्यक छ तर त्यो राजनीतिक पार्टीको फेरी अस्तित्व र उसको भित्र रहेको जुन प्रकारको जाज्वल्यता छ। त्यो हराई सके पछाडी कसैले बचाउन खोजेर त्यो सम्भब पनि छैन। त्यसैले अबको मुलुकको यो शक्ति सन्तुलन मलाई जहाँ सम्म लाग्छ यो त्रिशक्तिय शक्ति सन्तुलन अब अगाडि बढ्छ। त्यो त्रिशक्तिय शक्ति सन्तुलनको एउटा पृष्ठभूमिको बीचबाट सायद लोकतन्त्रलाई कसैले धरापमा पार्न खोज्छ भने त्यसको राम्रैसँग प्रतिवाद गर्न सक्ने एउटा तागत पनि जन्मिन्छ। त्यसैले अबको परिस्थिति यो मुलुकको लागि एउटा नँया घटनाक्रमको विशेषाङ्क बन्ने कुरा निश्चित छ। आज यो संसदभित्र हामी ४ ओटा दल छौं । ४ दलको ४ भाषा बनेका छन् । ४ दलका ४ ओटा कुरा आफ्नै नीति र आफ्नै कार्यक्रम जस्तो बनिराखेका छन्। अनि यो गण्डकी प्रदेश हामी एकताको सन्देश दिने कुरा गरिराखेका छौं । अनि यो गण्डकी प्रदेशलाई भ्रमण वर्ष २०२० को एउटा नमुना उदाहरणको रुपमा पेश गर्न खोजिराको छौं। आर्थिक विकास र समृद्धिको एउटा नयाँ आधार निर्माण गर्न खोजीराखेका छौं तर त्यसको ब्यावाहारिक अभ्यासमा हामी जान सकेनौ भने नारा र मन्त्रले केही हुनेवाला छैन। नारा र मन्त्र त सायद पञ्चायत भन्दा सुन्दर नारा पन्चायतका जस्तो सुन्दर मन्त्र सायद अरु कसैको यो दुनियामा नेपालका कुनै पनि माईकालालको छैन । अनि त्यसले त टिकाउदो रहेनछ नि त । त्यसैले मैले बिनम्रताको साथ आग्रह गर्न चाहान्छु, की यदि यो मुलुकलाई साच्चै एउटा अथवा हाम्रो यो प्रदेशलाई साच्चै एउटा सुन्दर प्रदेश निर्माण गर्ने हो भने एकपटक ती सबै राजनीतिक दलहरुको एउटा साझा वातावरण बनाउने एउटा त्यो फोरम निर्माण गर्न आवश्यक छ की छैन, जरुरी छ की छैन यो पनि डम्फु बजाएर यो मुलुक बन्ने भए धेरैले बनाईसके धेरैले गरिसके तर त्यो त बनेन नि त, अहिले त्यसका लागि मैले बिनम्रताका साथ आग्रह गर्न चाहान्छु सरकारसँग, के सरकार साझा त्यो एउटा वातावरण बनाउन तयार छ? यदि छ भने अबको यो प्रदेश सुन्दर प्रदेश बन्ने कुरा पनि निश्चित छ। होइन भने एउटा शङ्का अर्को एउटा धमिलो अधेंरो एउटा क्षितीज हाम्रो अगाडि देखिन्छ । त्यसले हामीलाई पक्कै

पनि नकारात्मक दिशा तर्फ लैजान्छ। त्यसो भएको कारणले सरकारले आगामी दिन सकारात्मक एउटा सोचको विकास गरोस्। सकारात्मक ढङ्गले सबैलाई एकतावद्ध बनाउने एउटा नयाँ एउटा सङ्कल्प गरोस् । यही आग्रह गर्न चाहान्छु। अन्त्यमा हामी यो संसदको गरिमामय जुन प्रकारको एउटा अवस्था छ। संघीयता, धर्म निरपेक्षता, गणतन्त्र र समावेशी लोकतन्त्रको मूल मान्याता त्यो स्प्रिटलाई हामीले कति पक्डन सक्यौ अबको राजनीतिक घटना क्रम त्यो दिशातिर केन्द्रीत हुनेछ। मलाई त्यो बिस्वास छ। आज जुनरुपमा हामीले सङ्घर्ष गरेर प्राप्त गरेर लोकतन्त्र प्राप्त गर्यौं। आज त्यो लोकान्त्र अनि त्यो लोकतन्त्र अनि त्यो संघीयता हात्तीको देखाउने दाँत भन्दा सिवाय अरु केही भएको छैन । मैले अघिनै एउटा उदाहरण पेश गरिसकेको छु की आफुलाई अब्वल दर्जाका क्रान्तिकरी मान्ने मित्रहरुले दुई तिर दक्षप्रजापतिका टाउका फर्के जस्ता गरेर त्यही टाउकालाई जोडजाम गरेर अनि यो संघीयता टिकाउँछु भन्नु मुखता बाहेक अर्को केही हुने छैन। त्यसले अन्त्यमा आफ्नै खुट्टा अझ कमजोर बनाउने आफ्नै खुट्टालाई अझ त्यो साच्चै त्यो आफ्नै खुट्टा अझ धरमराउने त्यो खालको एउटा परिस्थितिमा पुर्याउँछ । त्यसो भएको कारणले मैले बिनम्रताका साथ आग्रह गर्न चाहान्छु, अबका दिन त्यो खुट्टा बलियो बनाउने बनोस् दक्षप्रजापतिको टाउको जस्तो थियो त्यस्तै बनोस्, त्यो काटेर फाल्ने परिस्थिति बनोस् । अनि बल्ल त्यो संघीयता, त्यो लोकतन्त्र अथवा समावेशीता त्यो सबै हामीले ब्यवस्थित गर्न सक्छौ र संविधानको मुल मर्म त्यो स्प्रिट अनुसार यो मुलुक चलाउन सक्छौ । यति भन्दै आफ्नो भनाई टुङ्याउछु धन्यवाद।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सभामुखज्यू, माननीय सदस्यहरु बोल्ने क्रममा शब्द चयनलाई ख्याल गर्नु होला। माननीय सदस्यहरु अब म माननीय कृष्ण थापालाई बोल्ने समय दिन्छु।

## माननीय कृष्ण थापा

माननीय सभामुख महोदय, आज सम्मको यो अधिवेशनमा करिब १५० घण्टा जति हामीले अधिवेशनको समय पार गरेका छौं र आज यो अधिवेशन फेरी सुरु भएको छ र

यो अधिवेशनमा रिक्त रहेको स्थानमा निर्वाचित भएर पूनः अधिवेशनमा उपस्थित हुनु भएका नव निर्वाचित माननीयज्यूलाई हार्दिक स्वागत र सबैमा अभिवादन गर्न चाहान्छु। विशेष गरेर देश समृद्धको प्रश्नमा हामी सबैको एकमत्यता छ। राष्ट्रलाई समृद्धि बनाउने कुरा राष्ट्रलाई असाध्यै राम्रो बनाउने कुरामा हाम्रो कसैको पनि बिमती छ जस्तो मलाइ लाग्दैन। अहिले मैले के सुनिरहेको अथवा मैले नबुझिरहेको कुरा के हो त भने यो संघीयतामा बजेट बिना पनि देश समृद्धि हुन्छ र ? यो एउटा कोइसन हामीले अलिकिता बुझ्नु पर्ने जस्तो आवश्यक छ । बजेट छैन तर देश समृद्ध बनाउन सकिन्छ। यो संघीयताको नामले सकिन्छ। भन्ने प्रश्नमा भ्रम हो जस्तो मलाई लाग्छ। यसकारण देशलाई यदि समृद्ध बनाउन छ त भने हाम्रा योजनाहरु, हाम्रा कार्यक्रमहरु हाम्रा समस्याहरुमा सम्बोधन हुने प्रकारको बजेट हुन आवश्यक छ। यसले गर्दा खेरी हामीलाई लाग्छ भने यो कुरा भन्न चाहान्छौं। आज अर्को तिर समृद्धिको सबभन्दा बाधक तत्वहरु हाम्रो समाजमा किन परम्परागत रुपमा गुनगुनाईरहेका छन् त? यो प्रश्नको हामीले असाध्यै चुनौतीका साथ बुझ्नु पर्ने हो जस्तो मलाई लाग्छ। सरकार संचालक दल त अझ बढि यस विषयमा सचेत हुन पर्नि जस्तो मलाई लाग्छ। हामीले यदि परम्परागत रुपमै हाम्रो शासन ब्यवस्था, हाम्रो कार्यविधि र संचालन गर्न खोज्यो भने देश समृद्धि होइन असमृद्धितिर जन सक्छ। यो कुरा हामीले बुझ्न आवश्यक छ। र अहिले पनि हामीले के देखिरहेका छौं त भने भर्खर संघीयता आयो हामी बच्चा छौं, अनि न्वारन हुदैछ। भन्ने कुराहरु पनि थियो। अब त हामीले करिब दुई वर्ष पार गरेर सक्यौ नि त तर पनि आज हाम्रा योजनाहरु कुन अवस्थामा छन्, त भनेर हामीले समिक्षा गर्नु पर्ने की नपर्ने विगतमा ती योजनाहरु कार्यान्वयन हुँदा के हुन्थे त्यो कुराको मुल्याङ्कन गर्न पर्ने की नपर्ने यो प्रश्न हाम्रो अगाडि अहिले पनि बनेको छ। यदि हामीले त्यसलाई राम्रोसँग मुल्याङ्कन नगर्ने हो भने देश असमृद्धि तिर जाने स्थिति सिर्जना हुन्छ। आज हामीले देशमा देखिरहेका छौं, त महालेखा अभियोगले प्रस्तुत एउटा प्रतिवेदन मैले मिडियामा हेरे आज स्थानिय निकायहरु धेरै स्थानिय निकायहरु

भ्रस्टाचारमा चर्लम्म डुबिरहेको र उनीहरुले वास्तबमा विकासका योजनाहरु राम्रोसँग कार्यान्वयन नगरेको प्रतिवेदन बाहिर आईरहेको अवस्था छ। के त्यो कुरासँग हामी जोडिदैनौ के त्यो त्यो हाम्रो कुनै पनि सम्बन्ध छैन? हामीले ७५को एउटा तितो अनुभब गर्यौं। हामीले बजेटहरु छुट्ट्याएउ तर असार जेठ बैशाख तिर त्यो बजेट योजनाहरु कार्यान्वयन हुने चरणमा गयो र एक महिनामा कार्यान्वयन नभै किन के भयो ? बजेट फेरी फर्केर फृज भएर आयो। यदि बजेट कार्यान्वयन हुदैन भने त्यो समृद्धि हुन्छ? कुनै पनि योजनाहरु कुनै पनि चिजहरु त्यसलाई कार्यान्वयन नगर्ने हो भने देश समृद्धि हुन सक्दैन। मलाई लाग्छ। बजेट सही प्रकारले कार्यान्वयन भयो भने नै बल्ल देश चल्ने समृद्ध हुने प्रश्न हो। आज हामीले २०७६ को बजेट प्रस्तुत गरेको करिब ७ महिना पुरा गरिसकेका छौं तर अहिले पनि हाम्रा योजनाहरु हामीले हेर्यौं भने के देखिन्छ भने कतिपय योजनाहरु कार्यबिना अलमल छन् र अहिले पनि कतिपय योजनाहरु टेन्डर जान सकिरहेको अवस्था छैन र कतिपय योजनाहरुका कामहरु सम्झौताहरु हुन सकिरहेका छैनन्। बाँकी समय हामीले ५/६ महिना बिताउनु पर्छ। अहिले पनि हामी फेरी टेन्डरमा जाने अनि कार्यविधिमा जाने हो भने उही जेठ र असार मसान्त कुर्नु पर्छ । यो हाम्रो के हो त भने देश असमृद्धिको बाधक तत्व हो । त्यो एउटा परम्परागत बिचार हो। त्यसैले गर्दा खेरी के भएको छ त भन्दा खेरी हामी सबै वास्तबमा देशलाई एउटा सुन्दर र एकदम राम्रो बनाउन सक्यौ भने मलाई लाग्छ सरकार अहिले पनि यो प्रश्नमा अलि घोतघोतलिएर जान पर्नि अवस्यकता छ र हामीलाई लाग्छ सधै प्रश्न चिह्न उठाई रहनु पर्ने सदनमा सधै उही परम्परागत बिताइरहने सदनमा अनि हाम्रो औचित्यता नयाँ प्रकारले कसरी पुष्टि हुन्छ त ? आज हामीले गाउँमा बस्तिमा कतै माल सामानमा हेर्यो भने के देखिन्छ भन्नु होस त मिसावट देखिएको छ त्यहाँ। आज कयौं बस्तुहरुको के छ त भने चरम रुपमा मुल्य बृद्धि भैरहेको छ। आज कयौ बस्तुहरु उपभोक्ताहरुलाई त्यसको मार छ। किन हामीले त्यसमा सुधार ल्याउन सक्दैनौ त? मिसावट बस्तुहरु हामीले किन हटाउन

सक्दैनौ ? के ती अभावलाई हामीले किन नियन्त्रण गर्न सक्दैनौ? यसले गर्दा के हो त भने हामीसँग के सँग सँगै भ्रष्टाचार पनि जिडिएर आएको छ र । के हामी सँग सँगै यो महङ्गि पनि गर्नु पर्छ भन्ने जोडिएर आएको छ र मलाई लाग्छ फरक गरेर देशलाई समृद्ध बनाउने कुरामा एकदम गम्भीरताका साथ ध्यान दिनु पर्ने आवश्यकता छ। त्यो कमि छ वास्तबमा हिजोको कतिपय दलको कारणले गर्दा देश जुन खाडलमा पर्यो हामी त्यसलाई निरन्तरता दिने होइन। हामीले समृद्ध तिर दिनका लागि हाम्रा कार्यक्रमहरु हाम्रा सोचहरु हाम्रा निर्देशनहरु के हुनु पर्छ? प्रगतिशील हुनुपर्छ, बैज्ञानिक हुनुपर्दछ। यी कुराहरु मैले भने । र अर्को तिर अहिले पनि हाम्रो देशमा गम्भीर समस्याहरु छन्। र दक्षिणले विशेष गरेर भारतले हाम्रा धेरै देशका सिमानाहरुमा हस्तक्षेप गर्ने हस्तक्षेपका कारणले गर्दा नागरिकका जीवनमा असुरक्षा हुने यी दैनिक समस्याहरु हुन्। त्यही पनि अहिले विशेष गरेर भारतबाट अथवा दक्षिणतिरबाट हाम्रो देशको सिमाना सम्म परिवर्तन गरेर नयाँ नक्सा पनि प्रस्तुत गर्ने कामहरु भएको छ। यसकारण हामी हाम्रो राष्ट्रियता हाम्रो सिमा र हाम्रो स्वाभिमानलाई बचाउनका लागि विशेष गरेर सरकार सचेत हुन पर्ने आवश्यकता छ। र यो कुरालाई हामीले खबरदारी गर्नु पर्ने यो कुरालाई राष्ट्रिय रुपमा दुई देशको बीचमा समाधान गर्नु पर्ने यदि सकिन्न भने हामीले यसलाई अन्तराष्ट्रियकरण गरेर पनि यो समस्या समाधान गर्नुपर्छ। हाम्रो आफ्नो सार्वभौमता छ, हामी आफै स्वाभिमानी छौं। यसकारण हामीले यो हस्तक्षेप कुनै हालतमा पनि स्विकार्न सकिने अवस्था छैन। र अर्को तर अहिले अमेरिकाको पनि हाम्रो देशमा अलिकिता दादा गिरि चलेकै हामीले सुनिरहेका छौं। यो एम.सि.सि कार्यक्रम भनेर हाम्रो देशमा लागु गर्ने कुराहरु पनि आईरहेको अवस्था छ। यो नेपाली जनताको हितमा छ की छैन? नेपालको सम्पुर्ण सुरक्षालाई नियन्त्रण गर्ने किसिमको उद्देश्यले यो कार्यक्रम आएको छ। यस कारण हामीले यो कार्यक्रमलाई स्वीकार गर्नु हुन्न। यदि हामीले यो कार्यक्रमलाई स्वीकार्यौं भने हाम्रो देश ईरान बन्दैछ। ईरानलाई अमेरिकाले हस्तक्षेप गरेर त्यहाको सुरक्षा प्रमुखलाई हत्या गरेको कुरा हिजो बिहानको

घटना हो नी। आज हामीले त्यो कार्यक्रम भित्र्याएउ भने वास्तबमा देश ईरान बन्दैछ। अमेरिकाले हाम्रो देशलाई हस्तक्षेप गर्दै छ।र यहाँको सुरक्षा, यहाँको सुरक्षा प्रमुखहरु के-के बाट आएर आक्रमण गरेर हामी सिकार बन्दै छौं। यसकारण हामी आफ्नो ईच्छा र आफ्नो अस्तित्व र स्वाभिमान बचाउन सक्छौ।तर बिदेशीहरुको डलरले देश चलाउन सक्दैनौ। भन्ने कुरा मात्र मैले अनुरोध गरे र अर्को तिर संविधानको संशोधनको प्रश्न ठिक छ। कुनै पनि संविधान वास्तबमा अजम्बरी छैन।अकाट्य छैनन् । ती के हुन्छ भन्ने जनताको हितमा हुदैनन् भने तिनीहरु के हुन्छन् परिवर्तन हुन्छन, हामी त्यो परिवर्तन कुरालाई जड लिएर हामी बस्दैनौ। र बस्नु पनि हुन्न। र अहिले कतिपय मधेशबासी दलहरुले देशलाई बिखण्डन गर्ने देशलाई टुक्राउने कतिपय कुराहरु राखेर बार्गेनिङ गरेको कुरा पनि देखियो। यस सवालमा सरकारले एउटा अडान लिएको पनि देखियो। यस कारण म के भन्न चाहान्छु त भने देशलाई बिखण्डन गर्ने भन्ने प्रकारले देशलाई नराम्रो बनाउने प्रकारले यदि सत्तामा बार्गेनिङ गरिन्छ भने त्यो स्वीकार्य हुन्न। मलाई लाग्छ, यो सरकारले लिएको जुन अडान छ ठिक छ यति कुराहरु राख्दै म अन्तिममा देशलाई एउटा स्वाभिमानी बनाउन देशलाई एउटा सनम भ्रष्टाचार मुक्त बनाउन र शान्ति र समृद्धिकै एउटा देश बनाउ यही शुभकामना ब्यक्त गर्दै यो अधिवेशन सफलताको शुभकामना ब्यक्त गर्दछु, धन्यवाद!

**माननीय सभामुख,**

माननीय सदस्यहरु अब म माननीय प्रमुख प्रतिपक्ष दलका नेता श्री कृष्णचन्द्र नेपालीलाई बोल्न समय दिन्छु।

## माननीय प्रमुख प्रतिपक्ष दलका नेता कृष्णचन्द्र नेपाली पोखेल

माननीय सभामुख महोदय, आज गण्डकी प्रदेशको प्रदेश सभाको पाचौं यो अधिवेशनमा हामी उपस्थित भएका छौं र आज प्रदेश भरिका जनताको ध्यान हाम्रो यो सभातिर आकृष्ट भएको अवस्था छ। यस सन्दर्भमा जनता उत्सुक छन्। हिजोको चार औं अधिवेशनहरुमा जसरी हामीले बितायौं। त्यसमा अब यो अधिवेशनमा के फरक नयाँपन आउँछ भन्ने जनताहरुको जिज्ञासा रहेको मैले पाएको छु। यसै सन्दर्भमा म यहाँ प्रमुख प्रतिपक्षी दलको नेताको हैसियतले उपस्थित भएको छु र मेरा भनाई राख्न भन्दा पहिले यो राष्ट्र निर्माणका लागि र यो संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नको लागि सहादत प्राप्त गर्नुहुने सबै सहिदहरुप्रति म सम्मान ब्यक्त गर्न चाहान्छु  र अधिवेशन यसैबीचमा हाम्रो प्रदेशमा नयाँ प्रदेश प्रमुखज्यूको आगमन पनि भएको छ। मलाई लाग्छ त्यसपछिको यो पहिलो अधिवेशन हो। यस अर्थमा सभामुखज्यू मार्फत उहाँलाई मेरो दलको तर्फबाट म स्वागत गर्न चाहान्छु। त्यस्तै उपनिर्बाचनबाट यहाँ आउनु भएका प्रदेश सभा सदस्यलाई पनि मेरो दलको तर्फबाट स्वागत र बधाई दिन चाहन्छु। सभामुख महोदय, मुलत म भन्दा पहिले पार्टीका नेताहरुले बोल्नु भाको छ। आ-आफ्नो धारणा राख्नु भाको छ। म त्यसलाई स्वागत गर्दछु तर मेरो पार्टीलाई इन्डिकेट गरेर यहाँ जुन शब्दवाली प्रकट भाको छ। त्यस प्रति मेरो घोर आपत्ति छ र त्यसलाई रेकर्डबाट हटाईयोस भन्ने पनि अनुरोध गर्न चाहान्छु। सभामुख महोदय, मेरो सामुन्ने दुईओटा जिम्मेवारी छन्। एउटा यो प्रदेशको प्रमुख प्रतिपक्षि दलको हैसियतबाट मेरो एउटा जिम्मेवारी छ। अर्को यो राष्ट्रको एउटा नागरिकको हैसियतबाट पनि मेरो जिम्मेवारी छ। अब दलको नेता हुनुभन्दा पहिले म एउटा राष्ट्रको नागरिक हँ यस अर्थमा केही कुराहरु राष्ट्रिय सन्दर्भका कुराहरु राख्ने अनुमति चाहान्छु। नेपालकै इतिहासमा सभामुख महोदय,  हाम्रो देशको राष्ट्रियता अहिले जुन अवस्थामा छ, राष्ट्रियता जुन कमजोर बनेको छ। यो सबै  भन्दा संबेदनशिल कुरो छ। यस बीचमा दक्षिण

एसियामा एउटा परिघटना घट्यो। छिमेकी भारतको एउटा राज्य जसलाई स्वतन्त्रताको समयमा एकीकरणको समयमा उनीहरुले स्पेशल दर्जा दिएर राखेका थिए। अहिलेको बर्तमान सरकारले त्यसलाई खारेज गर्यो। र एउटा केन्द्रीय साहासिक प्रदेशको रुपमा लग्यो। त्यो उनीहरुको आन्तरिक मामला हो। त्यतातिर म जान चाहान्न। हाम्रो सरोकार कहाँ हो भने त्यसपछि जुन नक्सा प्रकाशन ईन्डियाले ल्यायो। त्यहाँ हाम्रो कालापानी, लिम्पियाधुरा, लिपुलेक लाई समावेश गरेर ल्यायो। सभामुख महोदय, हामीलाई थाहा छ। कालापानी, १९६२ देखि नै ईन्डियाको नियन्त्रणमा छ। बुझेकै कुरो यसपटक उसले त्यसलाई आफ्नो बनाएर निकाल्यो। हिजो हाम्रो थियो, अतिक्रमण भाको थियो । अहिले आफ्नो नक्सामा राख्ने भनेको के हो भन्दा त्यो भारतीय भुभाग हो भनेर ल्याईएको अवस्थामा अहिलेको बर्तमान दुई तिहाईको सरकारका यसो भन्दै गर्दा सत्ता पक्षका साथीहरुलाई जहाँ पनि यही कुरा भन्ने कुरा सुन्छु मैले तर दुई तिहाइ अब छैन, एउटा पार्टी निस्किने भयो। लगभग यो शक्तिशाली सरकार जसले राष्ट्रिय मूल मुद्धा नै अहिलेको बर्तमान सरकार आउने घोषणा पत्रलाई एजेण्डा बद्ध तत्कालिन राष्ट्रियता नै थियो। त्यो बोकेर आएको अहिले को पावरफुल शक्तिशाली हाम्रो सरकार त्यसका एक्दम तृष्ण बुद्धि भएका सम्माननिय प्रधानमन्त्रीजीले जसरी प्रतिकार गर्नु पर्थ्यो त्यो हुन सकेन। सभामुख महोदय र पनि हामीले भन्यौ, तपाई एक्लै हुनुहुन्न। नेकपा मात्रै छैन अहिले, यो सवालको लागि सिङ्गो देश एउटा पार्टी छ, हामी सबै दल तपाईको पछाडी छौं। भनेर भन्दै गर्दा पनि ठोस उपलब्धि केही आएन सभामुख महोदय, आजसम्म एउटा नोट प्रेसित गर्ने बाहेक केही कुरा भएको जनताले थाहा पाएको छैन। त्यस्ता केसहरु सिरियसली लिदैं गर्दा राजनीतिक वार्ताका कुराहरु हुन्छन्। मिसनका कुराहरु हुन्छन, तर त्यो केही हुन सकेन र मैले गौरबका साथ भन्छु मेरो पार्टीलाई पनि कुनै बेला दुई तिहाईको बहुमत प्राप्त भएको थियो। त्यो अध्यारो जमनामा त्यो राजाको पालाको जमनामा प्राप्त भएको थियो । बिपि कोईराला त्यसको प्रधानमन्त्री हुनुहुन्थ्यो। त्यतिखेर दुईओटा घटना घटे । सभामुख महोदय, एउटा

चीनको सेनाले हाम्रो एउटा हवल्दारलाई उत्तरतिर मार्यो। तत्काल प्रधानमन्त्रीले प्रतिकार गर्नु भयो। मित्र राष्ट्र चीनले गरेको गल्ति स्वीकार्यो। पछि क्षतिपुर्ति दियो। अर्को केस त्यती खेर तत्कालिन भारतीय प्रधानमन्त्री नेहरुले उनीहरुको युद्ध थियो त्यतिखेर उनले त्यस्तो बक्तब्य दिए, यदि उत्तरतिरबाट नेपाल र के हुन्छ भन्दा भारत हेरेर बस्दैन हुन्छ भन्ने स्टेट मेन्ट दिदै गर्दा तत्कालिन प्रधानमन्त्रीले भन्नु भयो। हामी संप्रभुसत्ता राष्ट्र हो। हाम्रो विषयमा बोल्ने तपाईलाई हक छैन।भनेपछि पार्लमिेन्टमा उहाँले माफि माग्नु भयो। यही देशमा यही दुई तिहाई आज किन हुन सकेन? मेरो प्रश्न छ र म अनुरोध गर्न चाहान्छु, प्रश्न मात्रै हैन, तत्काल कुटनैतिक रुपबाट राजनैतिक रुपबाट यसलाई पहल गरियोस् जुन कुरो जनताले बुझ्न पाउन भन्ने कुरा सभामुख मार्फत केन्द्रीय सरकारलाई अनुरोध गर्न चाहान्छु। सभामुख महोदय, निस्चित रुपमा बहुदल खास गरिकन हामी गणतन्त्रमा आईपुगेपछि अझ अर्को शब्दमा भन्नु पर्दा बहुदलिय ब्यवस्था स्थापना भए देखि नै हामी जहिले पनि राजनीतिक अस्थिरता भयो। देशमा अस्थिरता भयो जसको फाईदा कमिसन खोर। घुस खोर भ्रष्टचारी तीनले लिए भनेर भन्न कत्ति पनि हिचकीचावट छैन। की नेपाली जनताले जुन मत नेकपालाई दियो। सायद पहिलो अपेक्षा उनीहरुले यो भ्रष्टाचार नियन्त्रण हुन्छ भन्ने सोचेका थिए। र जब सुरुमा नेकपाको सरकार बनेपछि मन्त्रीहरुका उत्घोष अहिले पनि आदन्द लाग्छ। सभामुख महोदय, ठुला माछालाई छोड्दैनौ, ठेक्दारलाई कारबाही गर्दैनौ, सुनकाण्डलाई नाईकेहरुलाई समात्छ धेरै कुराहरु आका थिए। तर बिस्तारै ती कता गए। सभामुख महोदय नेपाली जनताले बुझेका छन्, त्यसमा थप अरु काण्डहरु थपिए। जुन कुरो मैले दोहोर्याउन नपर्ला।

चाहे त्यो बालुवाटार काण्ड होस, चाहे एनसेल काण्ड होस, काण्डै काण्ड भयो। त्यसलाई पनि सभामुख महोदय, हामीले के बुझ्यौ भने सायद यहाँका निकायहरु यिनको कमजोरी हो की? अझै पनि हामी सकारात्मक हेर्यौं, यद्यपी बालुवाटार काण्डमा ठुलो

गम्भीर एउटा प्रश्न उठेको थियो। सत्ता पक्षकै जिम्मेवार महत्वपूर्ण नेता ईन्भल्भ भएको त्यो घटना हो, बाईबडी त्यसस्तै गम्भीर हो। किन गम्भीर भन्दा खेरी समितिले दिएको प्रतिवेदनलाई छेकबार गर्नलाई प्रधानमन्त्रीजीले एउटा आयोग गठन गर्नु भयो र त्यसलाई पूर्णता नदिई  सिद्धियो अर्थात त्यसलाई लिङ्गरिङ गरियो, बचाइयो । यी कुरा भए । हामीले विरोध गयौं र त्यसको प्रकाष्ट म आउँदै छु । त्यो के हो भन्दा खेरी अहिलेको गोकर्ण रिसोर्ट र गल्फघोषर जङ्गलको हामीले नेपाली जनताले प्रश्न गरेका छन् । यो भन्दा ठुलो नीतिगत भ्रष्टाचार कहाँ हुन्छ। भ्रष्टाचार हुन्छ, हामीले बुझ्या भ्रष्टाचार कस्तो? सरकारले चाहादा चाहादै पनि कुनै कार्यालयमा लेनदेन हुन सक्छ । कही के हुन सक्छ, सबैमा पहुँच नजान सक्छ तर यो गोकर्ण रिसोर्ट वाला काण्ड जुन छ , यो भ्रष्टाचार यो नीतिगत भ्रष्टाचार हो । त्यो पनि दिनदाहाडे भन्छ । खुलेआम डकैति भन्ने एउटा शब्द छ सभामुख महोदय, त्यो की हो भन्दा छ वर्ष बाँकी छ । सम्झौता टुङ्गिन ६ वर्ष बाँकी छ । ६ वर्ष  पहिले नै त्यो सम्झौता किन गर्न पर्यो? त्यो पनि कसरी गर्न पर्यो?  भन्दा आफ्नै पार्टी, आफ्नै गृहमन्त्री अध्यक्ष भएको समिति त्यो गृहमन्त्रीलाई निकालेर अर्को अनुकुलको रक्षामन्त्री ल्याएर त्यसलाई सम्पन्न गरियो । यो भन्दा ठुलो उदाहारण के हुन सक्छ?  सभामुख महोदय, अनि नेपाली जनताले अनि संघीयता बिरोधीले यसो भने भनेर हामीले किन भन्ने , एउटा जष्टीफाई हुनुपर्यो । ६ वर्ष पहिला नै  यसलाई गर्नुपर्ने कुरा हो। तर त्यो आएको छैन। कहि बाट आएको छैन। एउटा औपचारिकता बाहेक यस अर्थमा यो घटनाको म मेरो दलको तर्फबाट घोर भर्त्सना पनि गर्दछु र यसलाई अनुसन्धान होस् पनि भन्छु। सभामुख मार्फत म केन्द्रीय सरकारलाई अनुरोध गर्न चाहान्छु, भ्रष्टाचार नियन्त्रण सभामुख महोदय मैले बुझे अनुसार दुई तरिकाले एउटा सरकारी निकाय जस्तो  हाम्रो अख्तियार छ। त्यस्तै अरु होलान, हामीले प्रदेशम बनाएका छैनौ। चाहे विधेयकले समेटी कतिपय प्रदेशमा बनाउदै छ। एउटा सरकारी निकाय, अर्को भनेको के भने हो त्यो प्रेस हो। स्वतन्त्र प्रेस एउटा खम्बा हो। जसले लोकतन्त्रमा लोकतन्त्र बिरोधी तत्वहरु चाहे त्यो भ्रष्टाचार हुन् , चाहे

कमिसन होस, चाहे त्यो घुसखोरी होस। चाहे नातावाद हुन, जो होला हामी राजनीतिकर्मिहरु, आखिरी राजनीतिकर्मी कै आडमा यी सब हुने गरेको हामी पाएका छौं। त्यो निकाय त्यसलाई नियन्त्रण गर्ने अर्को सभामुख महोदय, वितण्डा मच्याईएको अवस्था छ। म धेरै लामो जान चाहान्न। मिडिया काउन्सिल विधेयक अहिले लाईनमै छ। विशेष सेवा ऐन भनेर एउटा त्यो जासुसी वाला लाइनमै छ। मानव अधिकारलाई नियन्त्रण गर्ने विधेयक लाईनमै छ। तर अहिले समितिबाट बहुमतबाट पास भएर गएको विधेयक जुन छ। त्यो विधेयकले बर्तमान नेपालको संविधान जुन संविधानले पूर्ण प्रेस स्वतन्त्रता र बैत्तिक स्वतन्त्रताको ग्यारेण्टी गरेको छ। सभामुख महोदय त्यसलाई कुल्चिने काम गरेको छ। आज कुनै ब्यक्ति फेसबुकमा स्टाटस राखेर कसैले जिस्काएको जिस्काउने भन्ने शब्द छ। जिस्काउनेको लागि पनि ५ वर्ष कैद १५ लाख जरिवाना र १० लाख जरिवाना यसरी जुन एउटा नियन्त्रण गर्न खोजिएको छ। सभामुख महोदय सब भन्दा डर लाग्दो पक्ष यो छ किन भने सबै निकायहरु एउटै सरकार अन्तर्गत लाने र यो स्वतन्त्रताको हक र प्रेसलाई नियन्त्रण गर्ने जुन किसिमको एउटा जालो बुनिदै छ,, यस प्रति मेरो दलको असहमत छ। किन भने मैले त्यसै भनेको होइन, हामीले अगङ्गिकार गरेको संविधान त्यो संविधान दुनियाको सामुन्ने भन्न मिल्ने गरेर के छ भन्दा खेरी यसले तीन चिजलाई ग्यारेण्टी गरेको छ। के हो भने त्यो अभिब्याक्तिको स्वतन्त्रताको हक, सूचनाको स्वतन्त्रताको हक र संचारको के भन्दा खेरी प्राप्त गर्ने हक यसलाई अलग् अलग् दफामा राखेर त्यो ग्यारेण्टी गर्नुको मतलब केहो भन्दा खेरी यो र त्यो बाहानामा स्वतन्त्रतालाई कुण्ठित गर्न पाईदैन। मलाई कसैले फेसबुकमा लेख्यो, गाली गर्यो, मैले त्यो गाली रुचाईन् अथवा मैले सहन सकिन सभामुख महोदय, गाली बेइज्जतमा मैले मुद्धा दिन सक्छु। सरकारले मुद्धा किन चालाउनु पर्यो? म र उहाँको बीचको कुरो हो, क्षतीपुर्ति लिन सक्छु। यदि पत्रकार आफ्नो आचार भन्दा बाहिर गयो भने अहिले बर्तमान मिडिया काउन्सिल के छ हाम्रो त्यसले गर्दछ। जसरी वारकाउन्सिलले वकिलहरुको गर्छ भने जस्तै यो केहो भन्दा खेरी कता कता

हामीलाई के लागिरहेको छ भने लोकतन्त्र लोकतान्त्रिक ब्यवस्था संचालन गर्ने हामीहरुमा लोकतान्त्रीक संस्कार रहेन । र हामीमा कता कता हिजो कै शक्ति राजा महाराजा या भनौ पावरफुल ब्याक्ति म नै राज्य हो भन्ने जुन एउटा कन्सेप्ट थियो। त्योबाट प्रेरित भएको हो की भन्ने आभास सबै नेपालीलाई अहिले परेको अवस्था छ। यस अर्थमा म सभामुख महोदय मार्फत ब्याक्तिको एउटा गोपनियता राख्ने हक र सरकार यसका निकायहरुका क्रियाकलापलाईसँग असहमत हुने हक सरकारको आलोचना गर्ने हक, बाट कुनै पनि नेपाली बिमुख हुनुहुन्न तर अहिले सभामुख महोदय, सार्वजनिक सदाचार नैतिकता प्रतिकुल कसैले गर्यो भने ५ वर्ष १५ लाख रुपैंया घृणा द्वष फैलाउने, महिलालाई जिस्कायो भने ५ वर्ष कैद १ लाख जरिवाना यस्ता, यस्ता दफा हरु राखेर जुन भएको छ, यो तत्काल त्यो फिर्ता हुनु पर्छ, भन्ने हाम्रो दलको भावना राख्न चाहान्छु र एउटै मार्ग मैले राष्ट्रिय राजनीतिको कुरा राख्ने अनुमति चाहन्छु। सभामुख महोदय, एम.सि.सिको कुरा जुन यहाँ प्रस्तुत भएको छ। यसलाई पनि, म क्लियर गर्न चाहान्छु। मेरो दलको दृष्टिकोण राख्न चाहान्छु। सभामुख महोदय एमसिसिको सुरुवात २००४ बाट नै सुरु भएको अवस्था अर्थात अल्पबिकसित देशको एउटा आवाज के आयो भने अमेरिका तिमी धनी छौं। तिम्रो धनको सदुपयोग हामीले पनि गर्न पाउनुपर्छ र हाम्रो देशको गरिबी मेटाउनको लागि पैसा दिनुपर्छ। भनेर आह्वान भैसकेपछि कस्को पालामा हो। सुरुवात भयो तर उसले सर्त राख्या हो। त्यो सर्त के भन्दा खेरी लोकतन्त्र हुन पर्यो, पार्दर्शिता हुन पर्यो, जनताप्रति उत्तरदायी शासन हुन पर्यो। यस्तै ३/४ ओटा कन्डिसन छन्, यी कन्डिसनहरु पुरा गर्यौं भने मात्र हामीले दिने हो भनेर यो सुरुवात भो। धेरै देशले लगे मलाई लाग्छ ४५ देशसँग गैसकेको अवस्था छ। नेपालले पनि यसलाई एप्रोच गर्यो। एप्रोचमात्र होइन सम्झौता गरिसकेको हो। सम्झौता मात्र होइन काठमाडौंमा अफिस पनि छ। सम्झौता भैसक्या छ। खाली त्यो सम्झौतालाई अब पार्लामेण्टबाट अनुमोदित गर्नपर्ने अवस्था छ। र उनीहरुको पोलिसि के हो भन्दा खेरी भोलि बिवाद आउला ५५ अरब रुपैया अनुदानमा दिनु छ।

भोली बिवाद आयो भने त राम्रो हुदैन। भनेर सदनबाट अनुमोदन गराउने उनीहरुको एउटा सर्त हो। त्यसलाई अरु सबै देशले स्विकारे। हाम्रो देशले पनि त्यो स्विकार्या छ। अब यहाँ डुब्यो भन्ने कुरो मलाई लाग्दैन सभामुख महोदय, बिगत बाट हामीले सिक्नु पनि पर्छ। यदि अरुण थ्रीलाई अर्थात अरुण तेस्रोलाई जति बेला गिरीजा प्रसाद कोईरालाको सरकार थियो, काङ्ग्रेसको सरकार थियो। त्यो सम्झौतालाई काम्रेड माधब नेपालले गएर इन्टरनेस्नल्लि बिरोध नगर्दिएको भए सायद त्यो सुरु हुन्थ्यो। अहिले बिद्धुत बलिसक्या हुन्थ्यो। दश वर्ष पहिले तर त्यो ब्लक फेरी २० वर्ष पछि हामीले रियलाईज गर्यौ फेरी इन्डिया कम्पनीलाई अरुण थ्री दिएर हामी काम गर्दै छौं। कता कता राष्ट्रियताको नाममा भावनामा आएर या कुनै देशलाई लक्ष्य गरेर हामी सधै गरिबिमा बस्ने हो भने एउटा पार्टो हो होइन भने अहिलेको जुन रकम आको छ। ट्रासमिसन लाईन नेपालबाट बाहिर लाने यहाँहरुलाई थाहा छ अहिले जम्मा १३२ के बिको छ। ४०० के बिका लाईन प्रशारण ३/४ ठाउँबाट स्थापित गर्ने यसको लक्ष्य रहेछ। जसले गर्दा अहिले बङ्लादेशले ५००० मेघावाटको डिमाण्ड गरेको छ। ५००को त सम्झौता भैसकेको छ। त्यो भाँडो छैन हामी सित के त्यो भाँडो बनाउने उसको लक्ष्य रहेछ। अर्को हाम्रो देशमा सडकहरु राम्रा छैनन्। स्तरिय सडक छैनन्। जसले गर्दा लगानीकर्ताहरु लगानी गर्दैनन्। हामीलाई समस्या भाको छ। हाम्रा सामानहरु महङ्गा भाका छन्। यस अर्थमा सडकमा त्यो खालको छ। त्यो सडक र ट्रासमिसन लाईन बनाउ भनेर अमेरिकाले ल्याएको पैसा चाहिनी ईरान बन्नि देखिनी, सिजिपिङ महामहिमजीले बिहारमा आउ भन्दा आनन्द मान्ने, के भो भन्दा खेरी यो दृष्टीकोणलाई पनि हामीले परिवर्तन गर्नुपर्छ र हामीले २ ओटै देशबाट यदि बिआराईमा हामी लिन्छौ भने एमसिसि ठिक छ। ५५ अरब रुपैंया भनेको सानो रकम होइन। र त्यसले मुलुकलाई भन्ने समृद्धिको नारा अनि सत्तारुढ पार्टीले ईरान आउछ भन्दै हिडेपछि सभामुख महोदय, अब यो मुलुक कसरी अगाडि जान्छ ? यस अर्थमा हाम्रो दलको यहाँको हाम्रो भावना के छ भने यो एमसिसिको लाई सदनबाट पास गर्नुपर्छ भन्ने

हाम्रो भनाई हो। यति भनिकिन सभामुख महोदय, म प्रदेशतिर आउन चाहान्छु। प्रदेश सरकारको विषयमा मैले धेरै यहाँका बजेटको यहाँका गुरुयोजनाका कुराहरु, निर्माणका कुराहरु आदि ईत्यादि धेरै डिटेलमा नगैकिन म एउटा कुरा के अनुरोध गर्न चाहान्छु भने यो दुई वर्षमा सुरुको बजेट भाषण देखि अहिलेसम्म केही मुलभुत कुराहरु अब दुई वर्षमा बत्ति बाल्ने आदि ईत्यादि जो छ। रोजगारीका कुरा यी अब म अहिले डिटेल गर्न चाहान्न। किनकी त्यो हामी देखेका छौं। मेरो भनाई के हो भने केही यस्ता अह्म सवालहरु छन्। पहिलो के हो भने यो प्रदेशकै लाईफ लाईन रहेको भनेर हामी बारबार भनिरहेका छौ, त्यो दुम्किबास र त्रिबेणीको सडक त्यो अहिले सम्म खोल्न सकेन सभामुख महोदय, म सभामुख महोदय मार्फत सरकरलाई प्रश्न गर्न चाहान्छु, कुन प्रगतिमा गाको छ त्यो? कुन अवस्थामा छ त्यो? हिजो बिसौ वर्ष पनि हामी त्यसै बिताएऔ। निकुञ्जले दिएन भनेर । अब त्यही निकुञ्जले दिएन भन्ने आवाज सुनेर त्यहाँका जनता बस्ने वाला छैनन् । नम्बर वान कुरो एक तपाई हाम्रो समस्या के हो भने गण्डकी प्रदेशको त्यो नाका रहेन भने हाम्रो प्रदेशको अवस्था के हुन्छ? यस अर्थमा के भएको छ। सरकारले हामीलाई क्लियर गर्नुपर्यो । र अर्को मेरो सजेस्ट पनि छ। म यत्तिकै भन्दिन किन भने त्यो साझा कुरो छ। यदि रोड बनाउन नदिने हो भने अहिले भर्खर हामी एउटा टूरमा गाका थियौ। सभामुख ज्यूको नेतृत्वमा ३ नम्बर प्रदेशमा आउदै गर्दा मलाई एउटा कुराले प्रेरित गर्यो। त्यहाँको मुख्य मन्त्रीले भन्नु भो, मैले भिमफेदी कुलेखानी यो साढे ३ किलो मिटर टनेल बनाउन खोज्दै छु। त्यो बनाए भने काठमाडौं मेरो सय किलोमिटर आउनु पर्दैन, जम्मा ५० किलो मिटर आए काठमाडौं पुग्छ। त्यो हामीले सुरु गर्छौं। त्यसको लागत १५ अरब लगभग लाग्दो रछ। भनेर उहाँले भन्दै गर्दा मैले सोचे दुम्किबास ९ किलोमिटर छ। १५ तिया ४५ अरब एकै वर्षमा गर्नुपर्ने होइन ,हिम्मत गर्नु पर्यो सरकारले डोनेसन खोज्न पर्यो, आफूले स्टाट गर्न पर्यो। टनेल भने पनि कमसकम गरौ। र जनतालाई यो र त्यो बाहानामा तपाई हामीले त्यो गयौं । भने देखि जनताले माफ गर्ने वाला छैनन्। म सभामुख

मार्फत सरकार समक्ष कुरा राख्न चाहान्छु। र अर्को मैले सुरु देखि भन्या थिए, भन्दा मेरो जिल्लासँग रिलेटेड छ। तर यो प्रदेशसँग एकदम सम्बन्धित छ। त्यो भनेको के हो भने त्यो नारायणी नदिको तट बन्ध संरक्षण फेरी परम्परागत भन्या होइन। त्यसमा मन्त्रीजीले गर्नु भाछ। केही करोड रुपैंया दिनु भाछ। ठोक्कर लाग्छ के लाग्छ। त्यो त भल पस्ने भेल पस्ने रोकेका छै त्यो अर्को पाटो हो। तर जुन कन्सेप्ट हामीले ल्याएका छौं। त्यो डि.पि.आर भनेर मैले कराएको पहिलो अधिवेशन देखि हो। २ वर्ष भैसक्यो। डि.पि.आर भयो कि भएन कस्तो डि.पि.आर भयो। त्यो जनताले बुझ्न सकेको अवस्था छैन। म अनुरोध गर्न चाहान्छु। यो पनि कमसकम हाउसमा आओस्। सभामुख महोदय, अर्को मलाई एउटा छोएको कुरो आज हाम्रो पर्यटन मन्त्रीजीको एकदिन हेर्दै थिए मैले। २२ लाख टुरिजम भाषण सुन्दै थिए। एकातिर साईडमा स्टिमर दौडाएको तल लेखेछ पानी जहाज दौडिराछ भन्ने। यो दुईटा कुरा एउटा स्टिमरलाई डुङ्गालाई पानी जहाज भनेर प्रस्तुत भाछ, यता तिर मन्त्रीज्यूको भाषण देखाईराछ। अर्थात यो भाषणले मात्रै ठिक छ भाषण चाहिन्छ। अस्ति एउटा राम्रो प्रोग्राम भएछ। म धन्यवाद दिउँला। तर त्यसले मात्र पुग्दैन। त्यो हामीले कमसेकम यो प्रदेशकै मुटु प्रदेशले मागि खाने भाँडो या जे भन्नुहोस त्यो फेवाताल लगायतको पोखराका तालहरु खोई यिनलाई हामीले के गर्न सक्यौ? दुई वर्ष भित्र मैले त देख्या छैन, हो यो एकमहिना भित्र केही भाछ भने त मलाई माफ गर्नु होला म त्यता गाछैन। हैन भने उहि अवस्थामा छ। त्यसो भएको हुनाले कमसेकम यसलाई म कदर गर्न चाहान्छु। मुख्यमन्त्रीजीलाई। विकास गर्न सबै मन्त्रीजीहरु चाहानु हुन्छ त्यस भावनालाई कदर गर्छु। तर भावनाले मात्रै चल्दैन। यो देखिएको छैन ।त्यता तिर ध्यान जाओस् भन्ने म अनुरोध गर्न चाहन्छु। र धेरै म किन कुरा गर्दिन भने के देख्दा के बुझियो भन्छन नि अहिले सम्म मैले बुझेअनुसार मार्ग मसान्त मङ्सिर मसान्त सम्म हाम्रो सरकारको बजेटको खर्चको तथ्याङ्कले के देखाउछ भने चालु तर्फ ७.१४ पुँजीगत तर्फ ९.६७ अब ४ वर्षपछि ४/५ महिना गयो। बल्ल हामी ९/१० भित्रै छौं। अब खर्च गर्न सक्छौ

त? बजेट दिनु भयो धन्यवाद। फेरी बजेट फर्केर आयो भने हिजै धन्यवाद भन्यौ। खै त्यो मेकानिजम हामीले पनि बुझ्न पाउनु पर्यो। के हामी लक्ष्य अनुसार जान्छौ भनेर तर मलाई लाग्छ त्यो स्टायलले जान्छ जस्तो लाग्दैन। र एउटा मैले भन्नै पर्छ । मैले सम्झन पनि पर्छ। र यो सम्मानित प्रदेश सभामा सभामुखकोसँग अनुमति लिएर यो प्रदेशकै लाईफलाईन या गाँस्सिएको सभ्यतासँग गाँस्सिएको कालीगण्डकी डाईभर्सनलाई लिएर धेरै कुराहरु भए। हामी सबै एक भयौं। हर मञ्चबाट हामीले यसलाई बिरोध पनि गर्यौं। र दुखका साथ त्यो मध्यको एउटा अभियानता शन्ताबहादुरको यही बीचमा निधन पनि भएको छ। र उहाँलाई मैले सझन चाहान्छु। श्रद्धाञ्जली पनि दिन चाहान्छु। तर आज त्यो चिजलाई फेरी बटार्ने कोसिस भाको अवस्था छ। अस्ति म देबघाट गको थिए, त्यहाँका पिठादेशले भन्नु भयो ल यदि सरकार तपाईंहरुले यो कुरामा क्लियर गर्नु हुन्न भने हामी यो टोटल भ्याली भित्र सङ्घर्ष समिति बनाउछौं। त उहाँ एउटा जोगी हो। त उहाले पनि एउटा ऐतिहासिक धार्मिक यो स्थानको भलो होस् भनेर भन्नु भएको मैले भने ठिक छ गुरु हामी यसमा सबै एक छौं। हाम्रो मुख्यमन्त्रीजीले यसको लिड गरिरहनु भछ। हामी गर्या छौं। कुनै हालतमा हुदैन भनेका छौं। ता पनि रियालिटी के हो? यो त जनताले बुझ्न पाउने थलो हो। यहाँ आउनु पर्यो। भन्ने म कुरा गर्ने अर्को एउटा अनुरोध गर्न चाहान्छु। देवघाटलाई अहिले केन्द्रीय सरकारले आफ्नो समिति बनाछ उसले चलाछ। मेरो अनुरोध गराई के हो भने देवघाटलाई एउटा समिति बनाउने प्रदेश सरकारको अन्डरमा आओस, र हामीले भनेका छौं। स्वर्णिम बौद्धिक स्वर्णिम सर्कल के भनेर देवघाटलाई पनि नीति कार्यक्रममा आएको अवस्था छ। आज गजेन्द्र मोच्छे धाम, दिब्य धाम, शाश्वतधाम देवघाट हुँदै जोडिन आउछ यो करिडोर यो धामहरुलाई एकीकरण गरेर यही पर्यटकीय वर्षको बीचमा पनि मलाई के लाग्छ भने यदि प्रदेश सरकारले पहल गर्यो भने सम्बन्धित मठमठाधिस रैछन्, एकप्रकारको सर्बधर्म सम्मेलन टाईपको चीनबाट बौद्ध लामाहरु आउन्, तिब्बतबाट आउन, ईन्डियाबाट आउन, अरु धर्मका आउन, हिन्दु

बढाधिसहरु मैले  यो किन भनेको छु भने मेरो जिल्लामा एउटा यज्ञ हुँदै छ। त्यो यज्ञमा केदारनाथको मुख्य पिठाधिस आउने भनेपछि यत्रो हलचल भैराको छ त्यहाँ। भने हामीले उद्वेलित गर्नु छ।  देखाउनु छ। बिश्वको सामुने प्रदेश चिनाउनु छ भने त्यो तर्फ पनि हामी ह्याण्डलिङ गरेर हुन्छ की  कसरी हुन्छ ध्यान जाओस् भन्ने म अनुरोध गर्न चाहान्छु र म अब हामीले अस्तिको भ्रमणमा जे कुरा लायो मलाई मैले प्रदेश सभमा उभ्भिएर सभामुखज्यू मार्फत सरकारसँग पनि के अनुरोध के गर्न चाहान्छु भने यो मैले किन भनिराछु भने अहिलेको सरकारले नगरे आउनी सरकारले गर्ला त्यो र्को पाटो हो। भोली अल्टरनेटिभ सरकारको हाम्रो पार्टी पनि होला त्यतातिर म जान चाहान्न। मैले के पाए भन्दा खेरी यो प्रदेशले २ नम्बर प्रदेशले वेटी बचाउ वेटी पढाऔ भन्ने अभियान ल्याएको रछ। त्यसले एकदम छवाएको छ त्यहाँ एउटा नयाँ कुरो अनि बच्चीहरुलाई जन्मिदै बिमा गरिदिएको रैछ। दलितका बच्चिहरुलाई महिनाको ५०० रुपैया दिने ब्यवस्था गरेको रैछ। त्यो बाहेक बस्ति निर्माण गरेको रैछ। त्यहाँ के देखियो भने जनतालाई छुनि किसिमका प्रोग्रामहरु ल्याएको मैले पाए। त कमसकम यो प्रदेशले पनि त्यत्रा नीति कार्यक्रम छन्, धेरै पेजका छन्, त्यती हुँदा हुँदै पनि त्यो टाईपको कार्यक्रम यो मुलुक यो प्रदेशका जनताले देख्न पाए जस्तो लाएन त्यता तिर म ध्यानाकर्षण गराउन चाहान्छु। त्यती मात्रै होइन, मैले एउटा सिके, दुई नम्बर प्रदेशमा त्यहाँको सरकारले मुख्यमन्त्रीले भने अनुसार कर्मचारीहरु आउनै नमान्ने प्रदेशमा त्यसमा नि मधेश भनेपछि डराउने भनेपछि निजामतीलाई ६०% अनि यता सुरक्षा कर्मिलाई ४० % भनेछ। अतिरिक्त भत्ता दिएर उनले के भने मेन पावर हामीले ल्याएनौ भने कसरी अगाडि बढ्छौ?  त्यसमा नि मधेश म प्रभाबित भए। त आज प्रदेशमा प्रदेश सरकारले एउटा साहस किन गर्दैन?  यहाँका निजामतीहरु कर्मचारीका साथीहरु गण्डकी प्रदेशमा जानलाई हाँसी हाँसी आउने किसिमको हामीले दियो भने मात्रै त्यो चिज सरकारले पाउँछ। होइन भने हिजकै अवस्था हो।  यो तर्फ अहिलेसम्म केही भएको छैन। आज जनताले हिजो संघीयता न आउदै प्रत्येक जिल्लामा सेवा पाउने

आज अर्को जिल्ला जान परिराको अवस्था छ बिबिध बिदा । हामी सबैले बुझेको यो चिजलाई चिर्न सक्न पर्यो । भन्ने कुराहरु राख्दै र यहाँ कुरो आएको छ। हामी प्रतिपक्ष र अन्य पार्टीहरुले भनेका छौं। प्रमुख प्रतिपक्ष नै के भयो के भयो भन्ने कुरा नि आए यहाँ। प्रमुख प्रतिपक्ष दल जुन हो। अहिलसम्म हामीले सकभर जिम्मेवारी पूर्ण तरिकाले यो प्रदेशलाई अरु प्रदेशसगँ प्रतिस्पर्धा गर्ने जुन अभियान छ। त्यो अभियानमा सरकारलाई हामी साथ दिँदै आएका छौं। सरकारसँग मेरो अनुरोध अब समय आएको छ। अस्ति म एउटा प्रोग्राममा गाको थिए, त्यो पसु चिकीत्सा ब्याबसाय चिकीत्सा संघ नेल्टा भनेर भन्छ पार्टीसँग नजिक रैछ। उहाँहरुलाई राम्रो कार्यक्रम ल्याउनु भएको रैछ। एक हजार मान्छेलाई टेक्निसियनलाई तालिम दिनु भएको रैछ। सरकारले पनि रिकोअप्रेट गरेछ। त के हो भन्दा खेरी आस्थाको आधारमा यात मान्छे राम्रो चहियो। कृम मान्छे ल्याउनु पर्यो काम राम्रो गर्या छ यो आर्को फलानो आस्था छ भनेर जुन एउटा परिपाटी छ। त्यो निस्चित रुपमा हामी कार्यकर्ताहरुमा कमजोरी छ। मन्त्रीजीलाई गएर मुख्यमन्त्रीलाई गएर नेकपाको ले गएर कार्यकर्ताले दवाब दिने कुरा स्वभाबिक हो। उसको लाईनबाट तर मुख्यमन्त्रीजीले मन्त्रीजीहरुले त्यो कुरालाई बुझेर कमसकम प्रतिपक्ष प्रमुख प्रतिपक्ष सबैका कार्यकर्ताहरुलाई चाहे त्यो बजेट विनियोजनको सवालमा होस्, चाहे अगि पछिका कुरामा हुन्। यो तर्फ पनि सरकार जिम्मेवारी पुर्ण तरिकाले अगाडि बढोस्। भन्ने कुराहरु राख्दै र भोलीका दिनमा मेरो दल सदैब विकास निर्माण र उन्नतिको लागि सकारात्मक रहने र जिम्मेवार प्रमुख प्रतिपक्ष रहने कुरा बाचा गर्दै म सभामुखजी मार्फत सम्पुर्ण साथीहरुलाई धेरै धेरै स्वागत र धन्यवाद दिदै मेरा भनाईहरु यही बन्द गर्न चाहान्छु धन्यवाद। जय नेपाल!

## माननीय सभामुख

माननीय सदस्यहरु अब म माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गरुङलाई बोल्न समय दिन्छु।

## माननीय मुख्यमन्त्री पृथ्बीसुब्बा गुरुङ

माननीय सभामुखज्यू, सम्मानित गण्डकी प्रदेश सभामा आफ्नो भनाई राख्नु भन्दा अगाडि प्रातीस्मणिय ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र मुलुकलाई यो अवस्थासम्म ल्याई पुर्याउनु हुने सबै नेताहरुप्रति सम्मान ब्यक्त गर्न चाहान्छु। र आजको यो सम्मानित सदनमा उपस्थित हुनु भएका सबै माननीय सदस्यहरुलाई नेपाल कम्युनिष्ट पार्टी संसदीय दलको तर्फबाट स्वागत गर्न चाहान्छु। माननीय सदस्यज्यूहरुले रास्ट्रिय परिस्थितिको बारेमा हाम्रो आफ्नै प्रदेशको बारेमा हाम्रो आफ्नै सरकारको बारेमा धेरै कुराहरु राख्नु भाछ। म आफ्नो भनाई सुरु गर्दा खेरी कहाँबाट सुरु गरौ होला भन्ने मलाई एकदम दुबिधा भैराछ। अहिले हामी जहाँ उभ्भिएका छौं। बिगतको यो ७४ सालको चुनावतिर फर्किनु पर्छ भन्ने लाग्छ मलाई। आजको राष्ट्रिय परिस्थिति के हो? ७०सालको र ६४ सालको २ ओटा संविधान सभाको चुनावहरुले दिएको निर्देशन के थियो  भने मुलुकमा धेरै पार्टी चाहिन्छ ३१ ओटा पार्टीहरु सम्म जनताले पठाएका थिए संविधान सभामा। तर संविधान जारी भयो। र नयाँ संविधान अनुसार निर्बाचन भैसकेपछि त्यो निर्बाचनले एउटा म्याण्डेड दियो। मुलुक अब कता जाँदै छ?  के गर्दा खेरी राजनीति स्थिरता हुन्छ स्थायीत्व हुन्छ त्यो हामीले भन्दा जनताले धेरै जानेको छ भन्ने मलाई लाग्छ। ३१ ओटा पार्टीबाट झारेर जनताले ४/५ ओटा पार्टीमा सिमित गरेको छ। र सरकार मुमेन्टहरु पठाएर पार्टी खोलेर त्यो राजनीतिक दलले बिचारले राष्ट्रिय आकार ग्रहण गर्न सक्दैन भन्ने भ्रम पनि सावित गर्दिया छ। मधेशीको मात्र मुद्धा उठाएर अब राजनीतिक पार्टी राष्ट्रिय पार्टी बन्न सक्दैन यो मुलुकमा ।जनता यस क्षेत्रको मात्रै कुरा उठाएर यहाँ दलितको मात्रै, महिलाको मात्रै मुद्धा उठाएर या अहिले भैरहेको भ्रष्टाचार अन्त्यको मात्र मुद्धा को मात्र कुरा उठाएर या हाम्रो जे खालको आजको ब्यबहार छ, त्यसमा सुधारको मात्र कुरा उठाएर राष्ट्रिय पार्टीको मान्यता प्राप्त गर्न सक्दैन भन्ने कुरा

बिगतको चुनाबले देखाई सक्या छ। त्यसकारण म के भन्न चाहान्छु भने देखि पार्टी कमसेकम पार्टी हुनलाई लोकतन्त्रको मुलभुत मान्यतालाई स्वीकार गर्या हुनुपर्छ। त्यसलाई आफ्नो जीवनपद्दति बनाएको हुनुपर्यो पार्टी हरुले त्यो अनुसार अभ्यासमा जाँदा खेरी तल माथि हुन सक्ला। त्यसको आलोचना हुन सक्दछ। त्यसको टिप्पणी बिरोध हुन सक्दछ। साथै पार्टी संचालनको लागि अर्को महत्वपूर्ण मुद्धा के हो भने उसले राष्ट्रलाई कसरी हाँकी राख्या हुन्छ। कसरी बचाई राख्या हुन्छ। स्वाधिनतको कुरा र स्वतन्त्रतको कुरालाई एउटा डाईलेटिकल डिस्काउण्टबाट उसले लिराख्या हुन्छ । अन्ध भएर या दास भएर होइन। आफ्नो मुलुकको स्वाधिनतालाई कायम राख्न कसरी त्यो पार्टीले काम गरि राख्या हुन्छ, त्यो अर्को महत्वपूर्ण पाटो हो। देश बचाउने कुरा, जनता बचाउने कुरा, हाम्रो सिमाको रक्षा गर्ने कुरा, हाम्रो स्वाधिनताको प्रबर्द्धन गर्ने कुरा, रक्षा गर्ने कुरा र लोकतन्त्रको मूलभूत मुल्यमान्यता मानव अधिकारको प्रत्याभूतीको कुरा यति मात्र गरेर पनि पार्टी अझ पुर्णाङ्क प्राप्त गर्ने अर्को स्थिति रहदैन । त्यसको लागि जनताको लागि परिवर्तन आवश्यक छ। समाजको लागि परिवर्तन आवश्यक छ। त्यो परिवर्तन प्रतिगमनकारी परिवर्तन होइन परिवर्तन प्रगतिमनकारी भएपनि अग्रगामी भएपनि परिवर्तन नै हुन्छ। अग्रगामी ढङ्गले समाजको परिवर्तन कसरी संभव छ। भन्ने कुरा जस्तो जसले बिचार बोक्या हुन्छ समग्रमा त्यही पार्टीहरु हावी हुन्छ र हाम्रो बिगतको चुनाबले एउटा म्याण्डेड दियो, अब दाया बाया होइन मुलुक ध्रुवीय तिर जादै छ बहुध्रुबिय होइन। बिस्तारै मुलुक कहाँ जान्छ? लेफ् डेमोक्रीटिभ एउटा एलाईन्स हुन्छ या लेफ्टिस्ट किसिमको एलाइन्स हुन्छ आर्को हुन्छ। यसैको वरिपरि पार्टीहरु घुमिराख्या हुन्छ। धेरै ठुलो तपाईको हल्लाका साथ हाई साउण्डका साथ भन्छौ कहिले कहिले हामी यो उपनिर्बाचनमा पनि देख्याथ्यो। चुरीफुरी तर जनताले पन्द्रमुसेको भव बनाईदिए नि त । यो आचरणमा अलिकति तल माथि सुधार गर्नु पर्यो भनेर भन्नेहरुको के को कुरा भो र? आचरण उसले सुधारदियो भने त सक्किगो।यहाँ शुसासनको मात्र कुरा उठाउँदा खेरी त हाम्रो राज्य संचालनको एउटा

कम्पोनेन्ट न हो सुशासन भन्या। त्यसका धेरै चिज चाहिन्छन भन्ने कुरा भो त्यसकारणले सुशासनको मुद्धा उठाएर मात्रै यो मुलुक हाँक्न सकिदैन भन्ने कुरा सन्देश दियो जनताले। त्यसकारणले हामी यहि कोणबाट हेर्दा खेरीमा नेपाल कम्युनिष्ट पार्टी गण्डकी प्रदेश सभाको संसदीय दलको नेताको हैसियतले भन्दा खेरी के भन्न चाहान्छु भन्दा खेरी नेपाल कम्युनिष्ट पार्टी एउटा बाघ जस्तो हो। कुनै बेला कोतरी राख्ने कुनै कुखुराको माउ जस्तो होइन त्यो। जसको दृष्टीकोण हाजारौ माईल टाढाबाट देख्न सक्छ। तलका चिजहरु। हाम्रो यो धर्तीको वातावरणको सब्बै कोलाहल भन्दा माथि उठेर बसिराख्या हुन्छ। यो सानो तिनो कुराको आलोचना उसले सुन्ने फुर्सद हुदैन उसलाई। साना कुराहरुमा अल्झिएर बस्दैन। दृष्टिकोणको हिसाबले उ दुर्दृष्टि उडानको हिसाबले उसको बेगवान उडान यो बदल भन्दा माथि उडिराख्या हुन्छ उ। त्यसकारण हामी बादल भित्र गुम्सिएर बसेहरुले बादल भन्दा माथिको चिज नदेख्या जस्तो हो। कम्युनिष्ट पार्टीको त्यो त्यो आदर्श त्यो आचारण त्यो ब्यबाहार देख्दैन। त्यस्तै हो आजको स्थिति।त्यसकारणले म के आग्रह गर्न चाहान्छु भने यसो हुँदा खेरी पनि हामले धेरै गल्तिहरु गर्या हुन सक्छौ। त्यसकारण हामीले जहिले आलोचनाको माग गर्या हुन्छौ। आलोचना गर्नु धेरै राम्रो कुरा हो। सुधृने मौका पाउँछ नि।हामी कहिँ न कहि गल्ति गरिराख्या हुन्छ। दुनियामा निरपेक्ष चिज कुनै पनि छैन। गल्ति नै नगर्ने चिज पनि कुनै पनि छैन। त्यसकारण त्यसरुपमा म अग्रह गर्न चाहान्छु। साथै केही कुराहरु उठेको छ। म मेरै सरकारकै बारेमा बढि बोलौं भन्ने लागेथ्यो। राजनीति कुरा धेरै उठेको हुनले म फेरी भन्न चाहान्छु। हाम्रो मुलुकको जनताले हामीलाई स्थायीत्वको लागि म्यान्डेड दियो। अहिले कम्युनिष्ट पार्टीकोलाई बहुमत दिएको छ। कहिले कहिले हाम्रो भ्रम के हुन्छ भने कम्युनिष्ट पार्टीलाई दुईतिहाई बहुमत छ किन काम नगर्या। यो लोकतन्त्रको मुलभूत मर्म मैले नभुजेको यतिमात्र हो। कम्युनिष्ट पार्टी लोकतन्त्रको एउटा आदर्श मानेर चलिराख्या पार्टी हो। अरु दुनियाको अरु पार्टीले के गर्छ भनेर बेग्लै कुरा हो। नेपालको कम्युनिष्ट पार्टीले त्यो काम गर्छ जो लोकतन्त्रलाई आफ्नो

जीवन पद्दति जसले मान्या हुन्छ,  त्यहाँ कानून छ, त्यहाँ सबिधान छ विधि छ। बिधान छ। प्रकृया छ। लोकतान्त्रीक ढङ्गले पारदर्शि ढङ्गले प्रावबधानमा जादा खेरी दुइतिहाईको सरकार होस् या सामान्य बहुमतको सरकार होस, या अल्पमतको सरकार होस सबैले पार गर्नुपर्ने विधि हुन्छ। सबैले पार गर्ने पर्ने तरिकात त्यही हुन्छ। सबैले मानु पर्ने कानून उही हुन्छ। बल जवरजस्ति गर्ने कुरा हो। साच्चै नै विधि बिधानमा चल्ने हो भने देखि हामीले सबैले हिड्ने बाटो त्यही हो। लाग्ने समय त्यही हो।त्यसकारणले  खाली मुलुकको मुलभूत समस्या कसरी समधान गर्ने? संविधान सांशोधन कुरा उठ्दा या दुई तीहाई प्राप्त भएपछि यो सरकार त ओहो ढल्दै ढल्दैन भन्ने जनतालाई एकखालको आस्वस्त पार्ने कुराले त्यसले प्राप्त गर्ने पोजेटिभ कुरा त्यो मात्र होला त्यतिमात्र होला। नत्र दुई तिहाई प्राप्त गर्ने बित्तिकै आँखा चिम्लेर काम गर्न पाउछ भन्ने त होइननी । त्यसकारणले यसरी ब्याख्या गरिराख्या देखिन्छ। म यो सम्माननिय सदनमा सभामुख मार्फत के अनुरोध गर्न चाहान्छु भने सरकार दुई तिहाईको होस् या तीन चौंथाईको होस् या, सामान्य बहुमतको होस् या अल्पमतको सरकार या मिलिजुली सरकार होस् त्यो सरकारको विधि प्रकृया, काम गर्ने सबै ऐन कानून त उही हुन्छ नि। त्यसकारण त्यस रुपमा बुझिदिनको लागि र एकलकाटे ढङ्गले आलोचना नगर्दिनु हुनको लागि अनुरोध गर्न चाहान्छु। त्यसकारणले अर्को मैले के भन्न चाहेको भने देखि हाम्रो मुलुकमा संघीयता लागु भयो। संघीयता हामी सबैको लागि नौलो ब्यवस्था हो। नेपाल सरकारको लागि नौलो ब्यवस्था हो। त्यसको समाननिया रास्ट्रपती, प्रधानमन्त्री मन्त्रीहरु सबैको लागि नौलो ब्यवस्था हो। हामी प्रदेशका प्रदेशसभाका सभामुख देखि सबै माननीयलाई पनि नौलो ब्यवस्था हो। मुख्यमन्त्री मन्त्रीहरुको लागि पनि नौलो ब्यवस्था हो। स्थानिय तहको पनि नौलो ब्यवस्था हो। हामी सबै नौलो ब्यवस्था एउटा कहिल्यै नहिडेको बाटो हामीले लक्ष्य निर्धारण गरेर समृद्धिको समाजवादमा पुग्ने हामी लक्ष्य निर्धारण गर्या छौं।समुन्नतीको कुरा उठाएका छौं। समृद्धिको कुरा, सभ्यताको कुरा गरेका छौं।त्यो हामीले लक्ष्य त

निर्धारण गर्यौं। तर लक्ष्यमा पुग्नलाई बाटो पार गर्नु पर्ने छ। त्यो बाटोमा हामी नयाँ बाटो हिड्दै छौं। नयाँ बाटो हिड्दा खेरी एउटा बटुवालाई केही हुन सक्छ। लक्ष्य त भो तर पोखराबाट काठमाडौं पुग्न त हिडेर जानु पर्दा खेरी कुन बाटो जाँदा खेरी छोटो हुन्छ? कुन बाटो ढिलो हुन्छ? कुन बाटो घुमाउरो हुन्छ। कुन बाटो सिधा हुन्छ? भन्ने कुरा पहिलो पटक हिडया मान्छेलाई थाहा हुदैन। त्यसकारण हरेक पटक चौबाटो आउँछ, दोबाटो आउँछ, तीनबाटो आउँछ त्यँहा उ अलमलमा पर्छ। दाहिने लाग्ने हो की देब्रे लाग्नि होकी? अगाडि लाग्ने की? कता लाग्ने होला? हामीलाई भैरहेको अहिले त्यही हो।संघीय सरकारले पनि अहिले गरिरहेको त्यही हो। हामीलाई पनि भैरहेको त्यही हो।कतिपय अवस्थामा मामलामा त्यही भैराख्या हुन्छ।स्थानीय तहलाई पनि त्यही भैराख्या हुन्छ। त्यसकारणले तर म क् विस्वाश गर्छु भने यो दुई वर्षको अबधिमा हामीले पहिलो वर्ष जे अफठ्यारो भोग्या थियौ, जे चुनौतीहरु भोग्या थियौ। संघ सरकारको जे असहयोग या चाँडै हुनुपर्ने सहयोग हामीले प्राप्त गर्न सक्या थिएनौ। अहिले बिस्तार बिस्तार उनीहरुले पनि महशुस गरे। अब त जानु पर्ने यसरी रैछ भन्ने महशुस गरेर यो दोश्रो वर्ष हामीलाई पहिलो वर्ष भन्दा अलिकति सहज भयो। म विस्वाश गर्न चाहान्छु तेस्रो वर्ष चौंथो वर्ष पाँचौ वर्षमा पुग्दाखेरी हामी प्राप्त गर्ने छौं। त्यसकारण मेरो बिश्लेषण के मात्रै छ भने निष्कर्ष मात्र के छ भने हाम्रो मुलुकको संघीयता नै हाम्रो मुलुकको समृद्धि नै बाटो हिड्ने भन्या थियौ। बिस्तारै त्यो बाटो उसले कोर्दै छ। बाटो फराकीलो बनाउदै छ। हामीले कसैलाई भन्छौ नि कहिले कहिले खाउ भन्छ, भोकले वारि खाउ भन्छ, अघाकोले पारि खाउ भन्छ भएको त्यही हो। विकासका भोका छौं। समुन्नतीका भोका छौं। सभ्यताका भोका छौं। त्यसकारण हामी चाँडै समृद्धि प्राप्त भैदिए हुन्थ्यो।चाँडै सभ्यता स्थापना भैदिए हुन्थ्यो, चाँडै विकास भैदिए हुन्थ्यो। चाँडै सबै हाम्रो आवश्यकता पुरा भैदिए हुन्थ्यो। प्राप्त भैदिए हुन्थ्यो। हाम्रो मुलुक सिङ्गापुर जस्तो भैदिए हुन्थ्यो। हाम्रो मुलुक अमेरिका जस्तो भै दिए हुन्थ्यो। या स्विजरल्याण्ड जस्तो या जर्मनि या क्यानडा जस्तो भैदिए हुन्थ्यो भन्ने हामी

कलपना गर्छौं। भन्छौ नि कहिले कहिले हामी रङ एकदिनमा बन्या थिएन भन्छौ नि हामी त्यसकारण नेपाल पनि एकैदिनमा बन्न सक्दैन खाली हाम्रो प्रयत्नले अहिलेको बिज्ञान प्रविधिको विकासले बायो टेक्नोलोजी र इन्फोमेसन टेक्नोलोजीमा आज भएको विकासले गर्दा खेरी हामीले हाम्रो पूर्बजहरुले या हामी भन्दा अगाडिको जेनेसनले १०० वर्ष लगाएका काम हामी २० वर्ष ३० वर्षमा गर्न सक्ने भाछौं अहिले। यो बिज्ञानको प्रविधिको आविष्कारले गर्दा खेरी विकासले गर्दा खेरी प्रविधिको विकासले गर्दा खेरी हामी चाँडै गर्न सक्ने भएका छौं। त्यस कारणले गर्दा हिजो ५० वर्ष लाग्ने अब २० वर्षमा सक्ने भएका छौं। तर पनि त्यसले आफ्नो कोर्ष पुरा गर्नै पर्छ। हामीलाई एक्दमै हातारो भयो भनेर बरन्डाबाट भुइँमा हाम फाल्ने भने के हुन्छ? चाडै पुग्न पर्यो भनेर हाम्रो अन्त्यमा मृत्यु बाहेक केही हुदैन। हामीले त कित तपाईको सिँडी हुदै झर्नु पर्यो। सिँडी हुँदै झर्दा खेरी ढिलो हुन्छ कमसकम इलेक्ट्रीकल्स भर्याङ प्रयोग गर्नु पर्यो नि। झर्न् अत झर्नै पर्यो। विकासमा पनि येस्तै खालको निरन्तरता चाहिन्छ। यस्तै खालको तपाईंको कन्टिन्युटि चाहिन्छ। कुनै फड्को हानेर कँहि तल माथि खाल्डोमा परियो भने के हुन्छ। दुर्घट्ना हुन्छ भन्ने कुरा बुझ्नु पर्छ। त्यसकारणले त्यो सबै कुरा हरु हेर्दा खेरी हामी भर्याङबाट पनि बिजुलीको भर्याङबाट झर्न सक्या छैनौ। लिफबाट भर्याङबाट झर्दै छौं बिस्तारै बिस्तारै लडिन्छ की भन्दै भन्दै झर्दै छौं। त्यसकारणले यसले समय लिन्छ। यति कुरा मैले निवेदन गर्न चाहान्छु। हामीलाई हामी अरुले हामीलाई पनि भनि राख्य छ। हामीले भनि राख्या छौं। स्थानिय तहमा अचाक्ली भ्रष्टाचार भयो। के संघमा भाछैन ? हामीले संघमा स्थानीय तहमा अचाक्ली भ्रष्टाचार भनेर एउटा कोणबाट भनिराख्या छौं। स्थानीय तहलाई त्यती धेरै अधिकार दिन नहुने धेरै अधिकार पाए, त्यसकारणले धेरै भ्रष्टाचार भयो। हामीलाई बनाउँछ। कतिपय त्यसता स्थानीय तहहरु छन्। हामीले स्यालुट गर्नु पर्दछ। यस्तो राम्रो राम्रो योजनाहरु बनाउनु भाछ उहाँहरुले। जनतालाई आश्वस्त अथवा बिस्वाश दिलाउने काम गर्नु भाछ। एक खालको जनतामा भरोसा भयो। आब हाम्रो स्थानीय तहले पनि हाम्रो

वडाको, हाम्रो गाउँको हाम्रो टोलको केही न केही विकास गर्नु भयो। हिजो भन्दा आज धेरै विकास भयो भन्ने कुरा फिलिङ्स त दियो नि यसले। हिजो हजारौं कोर्ष यात्रा तय गरेर हजारौं रुपैंया खर्च गरेर जान पर्ने कुरा आफ्नै दैलोमा आफ्नै ढोका अगाडि पिँडीमा काम भैराख्या छ। त्यो अनुभूति त उनीहरुले गर्न पाएकै छ नि त। त्यसकारण यो कुरा हामीले बुझ्न जरुरी छ। संघीय प्रणाली हाम्रो राज्यको लागि मुलुकको लागि केही महङ्गो प्रणाली भएपनि वास्तबमा यो जनताको लागि सेवा ग्राहीको लागि सबै भन्दा सस्तो प्रणाली भन्ने कुरा बुझ्नु पर्छ। हिजो मेरै गाउँबाट हामी जान्थ्यौ। करापुटार खानेपानी योजना ल्याउन र पञ्चायत काल देखि हामी धाएको धाएई। तपाईको वर्ष सुरु हुने बेलामा हामी सेसन चल्ने बेलमा हामी काठमाडौं जाने गथ्यौं। त्यती खेर हजार अहिलेको लाखौ रुपैयाँ। डेलिगेशन बनाएर एउटा परम्परा थियो। २०/३० जना बनाएर डेलिगेशन जति धेरै जना गयो त्यतै धेरै प्रभावकारी हुन्छ। भनेर महिनौ दिन हामी त्यही बसिराख्या हुन्थ्यौ। आज त्यो खाने पानीको लागि गाउँपलिकाको एउटा वडा अध्यक्षले सिफारिस गरेको आधारमा प्रदेशले त्यसलाई स्वीकर गर्छ। गाउँपालिकाले त्यसलाई निर्माण गर्छ। कुनै तपाईको काठ्माण्डौ मन्त्रालय मन्त्रालय चाहार्नु पर्ने स्थिति अन्य भाछ। यो हामीले ल्याएको नयाँ ब्यवस्थाको एउटा राम्रो अवसर होला नि। त्यसकारण यसलाई यसरी बुझ्नु पर्छ भन्ने ठान्छु। र अर्को डेमोक्रेसि वास्तबमा डेमोक्रेसि भन्या सबै ठाउँमा यसको आधारभुत सिद्धान्त एउटै भएको भने सार्वभौम मूल्य र मान्यता एउटै भए पनि त्यसको अभ्यास त्यसको प्रयोग बिभिन्न मुलुकमा आफ्नै आफ्नै ढङ्गले भाछ। कुनै पनि चिज निरपेक्ष छैन। कुनै पनि चिज सिमा बिहिन छैन। डेमोक्रेसिको पनि आफ्नो सिमा हुन्छ। त्यसले पनि तपाईको सुशासनको माग गर्दछ। त्यसले पनि तापाईंको सहभागिताको माग गर्दछ। त्यसले पनि पद्धतिको माग गर्दछ। त्यसले पनि विधिको माग गर्दछ। त्यसले छाडा तन्त्रको बिरोध गर्दछ। त्यसले आराजकताको अन्त्यको कुरा गर्छ। त्यसले निरंकुसताको अन्त्यको कुरा गर्दछ। लोकतन्त्र भन्ने यही होइन? त्यो लोकतन्त्र भनेको छाडा तन्त्र

होर? के लोकतन्त्र भनेको अराजकतातन्त्र होर? के लोकतन्त्र भनेको अस्थिरता निम्त्याउने एउटा माध्यम होर? होइन नि! त्यसो हो भने हरेक ठाउँमा त्यसको सिमा हुन्छ। आज जुन सिमा विहिन व्याख्या गरी राख्या हुन्छ नि जस्तो प्रेसलाई स्वतन्त्र प्रेस, स्वतन्त्र न्यायपालिका, या तपाईको डेमोक्रेटिभ गभर्मेन्टको जे कुरा हामी गरिराख्या हुन्छौ। त्यसको पनि सिमा छ र सिमा हुनु पर्दछ। लोकतन्त्रले सिमा नाघ्यो भने के हुन्छ। बिडि तन्त्रमा परिणत हुन्छ। लोकतन्त्रले सिमा नाघ्यो भने के हुन्छ, आराजकतातन्त्रमा परिणत हुन्छ। अराजकताबाट लोकतन्त्रको सत्रु कुरा हो। बिपरित कुरा हो। त्यसकारण त्यही असल चिज बाट त्यसलाई ठिक ढङ्गले प्रयोग गरिएन भने त्यहाँ अराजकता फैलिन्छ भन्ने कुरा बुझ्नु पर्छ। त्यहाँ तानाशाही जन्मिन्छ भन्ने कुरा बुझ्नु पर्छ हामीले। त्यसकारणले हामीले सबै चिजको रेगुलेसनको लागि ब्यवस्थापनको लागि त्यसको सिमा भित्र रहेर गर्नु पर्ने काम हरुको लागि स्वच्छ लोकतन्त्रबादीहरु सबैले समर्थन गर्नु पर्छ भनेर लाग्छ मलाई। बिरोधको लागि बिरोध होइन। बिरोध के को लागि भने सकारात्मकताको लागि हुनुपर्छ। बिरोध तपाईंको उपलब्धिको लागि हुनुपर्दछ। त्यसकारणले हरेक चिजको आफ्नो सिमा हुन्छ भन्ने हामीले बझ्नु पर्छ । हामी राष्ट्रियताको कुरा धेरै गर्दछौं। जनार्दन आचार्यले एकपटक आफ्नो लेखु भाथ्यो पञ्चायत कालमा जनार्दन आचार्य भन्ने एकजना लेखक साप्ताहिक मञ्चमा लेख्ने गर्नु हुन्थ्यो। पछि बिमर्शमा लेख्ने गर्नु भयो उहाँले। उहाँले हाम्रो नादानिपन या हाम्रो नाराबाजी कुरा वास्तबिकता बादी कुरा हामी बस्तुवादी भएर नसोच्ने कुरा नारावादि भएर सोच्ने कुरा को उहाँले भन्नु भाथ्यो। नारा एकसय चवालिस बन्द गर। भनेर जहिले पनि जुलुसमा गयो रे। उनीहरु अखिलको तर्फबाट नेबिसंघले जुलुस निकालेछ, अखिलले जुलुस निकालेछ, पञ्चायतको बिरुद्धमा धारा १४४ बन्द गर के होला यो धारा १४४ भन्ने लागिरन्थ्यो उसलाई थाहा नै छैन। त्यो १४४ औं नम्बरको धारा बन्द गर्ने होला भन्ने लाग्थ्यो रे उसलाई यो १४४ धारा बन्द गर्नु पर्ने होला लाग्थ्यो रे क्या। यो पञ्चायतको संविधानको १४४ धारामा के थियो त्यही थियो भन्थे रे। जनबिरोधी

प्राबधान थियो। त्यसको खारेज गर्नुपर्छ भन्ने थियो। त्यहाँ सबै नारा लागाउने ले नेतृत्व गर्ने बिद्यार्थी नेताले के बुझिराछ? नारा लगाउने ले के बुझ्याछ। मैले बुझेको त १४४ को धारा बन्द गर्ने भनेर नारा लगाएको लगाएई गयौं हामी। भरे त पछि तपाईंको त्यो बिद्यार्थी काल छोडेर पञ्चायतमा लागियो। पछि पो थाहा भयो। त्यो १४४ धारा भनेको संविधानको १४४ को धारा खारेज गर्नु पर्छ भन्या रछ। हामी अहिले तपाईंको सिमानाको कुरा गर्दा खेरी राष्ट्रियताको कुराकानी गर्दा खेरी अलि बढि नाराबाजी पनि भाथेउ हामी । इन्डियाको बिरोध गर्नु राष्ट्रवादी ठान्छौ हामी पञ्चायत अनि तपाईंको अमेरिकाको बिरोध गर्नु क्रान्त्रीकारी ठान्छौ हामी। या चीनको समर्थन गर्नु हामी आफूलाई बिरोध गर्ने त्यो आफ्नो आफ्नो गर्ने गर्थौं। त्यसकारणले हामी यो सिमाको ब्यवस्थापन कुरा दुई देशको सम्बन्धको कुरा असमान सम्बन्धि सन्धि सम्झौताको कुरा, हामीले के गर्या छौं। आज सम्म नारा मात्र लगाइराख्या भन्छौ हामी आज सम्म नारा मै सिमित असमान सन्धि खारेज गर, १९५०को सन्धि खारेज गर, खारेज गर, खारेज गर, त्यो मान्छेको कपाल फुलिसक्यो। त्यो नारा लागाउने मान्छे आज उसको पलाती नारा लगाईराछ। तर ब्यबाहारमा असमान सन्धि अहिले सम्म कायम छैन? ब्यबहारमा असमान सन्धि खारेज हुनुपर्छ भनेर पहिलो पटक कम्युनिष्टको सरकारले निर्णय भन्यो इन्डिया सँग भन्या। बिज्ञानको एउटा समुह बनाउ। त्यसले १९५० देखि लिएर सन्धिहरुको रिभिउ गरौ। अवलोकन गरौं। त्यसले सबै अवलोकन गरेर १९५० को सबै असमान प्राबधान हटाएर नयाँ शिराबाट जाउँ भन्यो। अहिले त्यो अड्किराछ। मोदिले त्यो अड्काईराछ। यो मोदिवादको बिरोध गर्नुपर्छ। हामीले नत्र हिजो त जहाँ उसको बिरोध गरिराख्या हुन्थेउ। ब्यबाहारमा के गयौं। त्यो हटाउने सबै प्रधानमन्त्री आयाराम गयाराम। त्यो नारा लगाएर मान्छेहरु नेबिसंघ, अखिलबाट, नेता भएर उहाँ प्रधानमन्त्री भएका मान्छे इन्डियामा जाने अनि इन्डिया गएर आयाराम गयाराम। एउटा तपाईको फर्दि लिष्ट लिएर गयो। माग्ने लिष्ट एउटा लिएर गयो। एउटा मगन्ते भएर गयो। मगन्ते भएर फर्कियो। हामी नेपाली के भन्छौ कति योजना

ल्यायो। हुलाकी मार्ग आउने भयो। प्रहरीको प्रदेश क्याम्प बन्ने भयो। आज सम्म बन्या छैन। दुई पक्ष सहमतिको बारेको के कुरा उठ्या छैन। जनताको बहुदलको सरकार काङ्ग्रेसले नेतृत्व गरेको या कम्युनिष्टले नेतृत्वगरेको सरकारले के गर्यो भन्ने कुरामा हाम्रो कहिल्यै ध्यान छ? ध्यान गाछैन। हामी कोरावादी छौं। हामी नारावादी छौं। हामी ब्यबहारीक कुरा गरिराछैनौ। त्यो कुरालाई साच्चैनै ब्यबहारमा उतार्ने काम हामीले गर्या छैनौ। हामी त्यो काम को प्रयत्न गर्दछौं। आजको सिमा मिचेको कुरा यो अहिले भएको कुरा होर? अघि माननीय ज्यूले प्रसङ्ग उठाउनु भयो। धेरै अगाडि देखिको कुरा हो। हुँदा हुँदा चाङ लाएर अहिले उसले के गर्थ्यो। त्यो चाङ लाएको कुरा उसले नक्सा सबै उसैले भोगिराछ। कालापानीमा उसको सेना बसिराछ, त्यहाँ अहिले पनि हाम्रो शासन चल्दैन। लिपुलेक उनीहरुको भैनिराख्या छ। लिम्पियाधुरा उनीहरुको भनिराख्या छ। हाम्रो भनेर इन्टरभिउ दिनु भयो कसैलाई याद छ की छैन। म पहिला १८ सालमा सानो कर्मचारी हुँदा खेरी लिपुलेकको मालपोत बुझने मान्छे मै हुम् भनेर भन्नु भाछ उहाँले। २०१८ साल सम्म। त्यो त एकदम ठोस प्रमाण हो नि। यी प्रमाणहरु हामी जुटाउँदैछौ। अनेक प्रमाण जुटाएर कहिले कहिले भन्छ। कहिले कहिले मान्छेहरु क्रान्तिकारी कुरा गर्छ क्या। काठमाडौंमा बिशाल बिशाल जुलुस निकाल्न पर्यो। काठमाडौंमा बिशाल जुलुस निस्केर हाम्रो कालापानी सोचिन्छ ? त्यो एउटा प्रेसर त होला। सरकारलाई एउटा नैतिकबल त प्राप्त होला। त्यो जुलुसहरुले सिङ्गो जनता उठ्यो भन्ने त होला। तर गर्न पर्ने त कुट्नीतिक तहबाट राजनीतिक तहबाट नै होला नि। दुई देश बीचको सम्बन्ध बिस्तार गर्ने कुरा या सिमा ब्यवस्थापन गर्ने कुरा हामीले गर्न सक्न पर्यो। त्यसको लागि हामीले पहिलो पटक म फेरी जोड दिएर भनिराखेछु, पहिलो पटक अहिलेको सरकारले प्रधानमन्त्रीज्यूले सबै भुपू प्रधानमन्त्री ज्यूहरु बटुलेर सबै पार्टीका नेताहरुलाई जम्मा पारेर राष्ट्रियताको कुरा, देश बचाउने कुरा एउटा पार्टीको विषय होइन त्यो। हामी कहिले कहिले तपाईंको कम्युनिष्टले काङ्ग्रेसलाई काङ्ग्रेसले कम्युनिष्टलाई अरु राप्रपाले कम्युनिष्टलाई गालि

गर्ने विषय मातृ बनाईराख्या छ अहिले सम्म। अहिले सम्म ईन्डियाको बिरुद्धमा गरेको ज्यादती इन्डियाले गरेको हाम्रो जमिन माथि गरेको हस्तक्षेपको बिरुद्ध के कम्युनिष्ट के काङ्ग्रेस के राप्रपा के समाजवादी, सबै एकजुट हुन सक्या छौं। सबैलाई आफ्नो मुलुकको माया छैन। त्यसो भए। कम्युनिष्टलाई मात्र छ भन्ने हो। या काङ्ग्रेसलाई मात्र छ भन्ने हो। या अरु सबैलाई छ। सबैलाई आफ्नो मुलुकको माया छ। हाम्रो देशको माया सबै एकजुट हुनुपर्यो नि भारतको बिरुद्धमा । भारतको ज्याददीको बिरुद्धमा एकजुट हुनुपर्यो नि। त्यो काम अहिले थालनी गर्नुपर्यो। र कुटनीतिक क्षेत्रमा हिसाबले भन्दा खेरी डिप्लोमेटिक नोटिस जारी गर्ने कुरा नै सबै भन्दा महत्वपूर्ण ठुलो कुरा हो। अब हामी दोहोरो राजनीतिक बार्ता हुनुपर्यो। अस्ति २ देशका प्रधानमन्त्रीबीच फोन बार्ता पनि भाछ। अब यो लिपुलेकको समस्या लिम्पियाधुरा कालापानी समस्या समाधान गर्नु पर्दछ। चाँडै भनेर राजनीतिक लेवलमा कुराकानी गर्नु पर्यो भनेर हामीले भन्या भनेई छौं। अर्को तयार भाछैन। तयार बनाउनु पर्यो। अब यो सबै २ चरणको डिब्लोम्याटिक र पोल्टिकल कुराहरु गर्दा गर्दा पनि आजित भयो भने युएनओमा जानु पर्यो । इन्टरन्यास्नल कोर्टमा जानपर्यो। अहिले नै अन्टरनेस्नल कोर्टमा जाने, युएनओजाने जमर्को गरिहाल्नु हतार हुन्छ होला। अहिले हामी ईन्डियासँगै २ पक्षिय बार्ता गरेर डिप्लोम्याटिक तवरबाट, राजनीतिक तवरबाट गभर्मेन्ट टु गभर्मेन्ट या परराष्ट्र मन्त्रालय टु परराष्ट्र मन्त्रालय या त्यँहाको एम्बेसिले पनि त्यो पहल गरेर सबै कुराहरु गरेर समस्याको समाधान गर्नु पर्छ। मलाई लाग्छ। अहिले यो विषयमा सबै एकजुट छौं। यो नै हामी नेपालीको लागि खुशीको विषय पनि हो। सिङ्गो नेपाली जनता आफ्नो जमिन एउटा छिमेकी मुलुकले ओगटेको विषयमा सिङ्गो पार्टी, सिङ्गो मुलुक, सिङ्गो जनताहरु एकजुट हुनु भनेको बल्ल हामीले गर्नुपर्ने कुरा यही थियो। इन्डियामा तपाईंको काङ्ग्रेस आईले कुनै बिदेश नीति कुनै लियो, भने भिजेपिले कहाँ बिरोध गर्या हुन्छ। त्यहाँको कम्युनिष्ट पार्टीले कहाँ बिरोध गर्या हुन्छ। सबैको एउटै कुरा हुन्छ। सबैको एप्रोच छदै छ नि उनीहरुको । त्यसकारणले गर्दा खेरी हामीले

त्यो एउटा सफलता प्राप्त गर्न एकजुट भाछौं अहिले । त्यो नेपालको इतिहासमा पहिलो पटक नत्र एउटाको बिरुद्धमा अर्कोले बिरोध गरेर कहिले कम्युनिष्ट, कहिले काँङ्ग्रेसलाई प्रयोग गरेर बिदेशी दलाल हो भन्यो। अहिले कम्युनिष्ट राजा बरु काङ्ग्रेस भन्दा राष्ट्रवादी हो। होइन रछ नि त । राजाले आफ्नो सत्ता जोगाउन इन्डिया र भारतको लडाई पाकिस्तान इन्डिया र चीनको लडाईपछि स्थापित भएको एन्डोति वेरी बोर्डर सेकोरोटी फोर्सले त्याँहा राख्या छ। त्यो लडाईंको मौका छोपेर उसले त्यहाँ राख्यो। राजाले आफ्नो सत्तालाई जोगाउन त्यो सौदाबजी गर्यो। त्यसकारणले राजा राजतन्त्र, राजसंस्था, राज दरवार राष्ट्रवादी हो। धेरै लामो कालसम्म कम्युनिष्टहरुको भ्रम थियो। त्यसरी प्रयोग गरे। दरवारले अनि कङ्ग्रेसलाई के थियो। कम्युनिष्टहरु तपाईंको बरु दरवार हामीसँग मिल्न सक्छ। हामीसँग बरु तरवारसँग नतर्सिने दरवार हामीसँग नझस्कने यसकारण यो बामपन्थी हरु बिरुद्धमा काङ्ग्रेस एक हुनुपर्छ भनेर उता काङ्ग्रेसलाई प्रयोग गर्यो दरवारले। त्यसकारणले यो च्याप्टरबाट आज हामी नेस्नालिटीको कुरा गर्दै छौं। कुरा गर्दैछौं। आज हाम्रो बोर्डर तपाईको सुरक्षाको कुराकानी गर्दैछौं। यो त इतिहासले हामीलाई सिकाएको पाठ हो नि त। हामी नयाँ अध्यायमा आएका छौं। र अब यस्तो भएको हुनाले हामी सत्ता पक्ष के प्रतिपक्ष के अन्य प्रतिपक्षहरुको स्थिति के छ? सबै एकजुट भएको हुनाले सम्भवत हाम्रो बिजय हुन्छ भन्ने लाग्छ। मलाई । त्यसकारणले यति कुरा राखौ। यसमा मेरा आफ्ना कुरा २ ओटा कुरा आयो। एमसिसिको समर्थनको कुरा आयो। एमसिसिको बिरोधको कुरापनि आयो। राजहंसले दुधको दुध पानी पानीको पानी छुट्ट्याएर लिन्छ। एमसिसि हामीले त्यही गर्नु पर्दछ। इन्डोप्यासिफिक स्टाटीजी अङ्ग होइन भने या इन्डोप्यासिफिक हामी किन असामेल हुन सक्दैनौ। हामी पहिल्यै असमान पररास्ट्र नीति अबलम्वन गर्दछौं। संसारको कुनै पनि गठबन्धनमा सामेल नहुने र हामी अहिले भन्दा हामी एउटा देश अर्को देश या दोश्रो देश तेस्रो मुलुकसँग हामी दुई पक्षिय त्रिपक्षिय संवाद गर्दा खेरी वा सम्बन्ध बिस्तार गर्दा खेरी हामी सार्वभौमिक समानताको आधारमा

गर्छौं भनेर नयाँ सुरु भाछ नेपालमा । आफ्नो सत्ता टिकाउनको लागि नेपालमा आफ्नो पार्टी बलियो बनाउनको लागि बिगतमा हामी प्रयोग हुँदै आयौं। अरुबाट र हाम्रो दाश मानसिकता थियो। यिनिहरुको सेवा नगरिकिन, यिनिहरुलाई खुशी नपारिकिन मुलुकमा टिक्न सक्दैनौ। बस्न सक्दैनौ भन्ने थियो। तर त्यसबाट हामी पर आएर त्यसबाट माथि उठेर हामी के भन्दै छौं, होइन मुलुक हरु ठुलो सानो हुन सक्दछ। भूगोलमा मुलुकहरु जनसङ्ख्याको आधारमा ठुलो सानो थोरै हुन सक्दछ। भारतको १ अरब ३०करोड छ। चीनको १ अरब ४२ करोड छ। हाम्रो ३ करोड छ जम्मा। अनि १ अरब १३९ करोड बढि भएको चीनसँग हामी तिनीहरु जनताले निउ खोजेर हुन्छ हुदैन। उसले जे जे भन्यो त्यही त्यही मान्ने कमी छैन मुलुकमा । १३० या करोड जनसङ्ख्या भएको इन्डियासँग निउ खोजेर हामी  भन्दा १२७ जनसङ्ख्या बढि भएको ठाउँमा निउ खोजेर हुन्छ जनताले हुन्छ हुदैन। ठुलो देशले भनेको मान्नु पर्छ। उनीहरुले भनेको मन्नु पर्छ अनि बल्ल हाम्रो सुरक्षा हुन्छ। भन्ने दास मानसिकता थियो।त्यहाँ नेपाल बल्ल माथि उठ्यो। त्यसकारणले मुलुक हरु सानो ठुलो हुन सक्छ। जनसङ्ख्या धेरै थोरै हुन सक्ला। मुलुक विकास र विकसित र अविकससित हुन सक्ला।  धनी र गरिब हुन सक्ला। तर धनी भए पनि गरिव भए पनी ठुलो भएपनी सानो भए पनि सयुक्त राष्ट्र संघको सार्वभौम सदस्य राष्ट्रको हैसियतले हामी हाम्रो सार्वभौम स्वतन्त्र मुलुकमा उनीहरुको पनि सार्बभौम हामी भन्दा कति साना मुलुकहरु छन् तपाईंका १० हजार जनसङ्ख्या भएको मुलुक पनि छ दुनियामा ती मुलुकहुले पनि आफ्नो स्वतन्त्रता अस्तित्व कायम राख्छन्। आफ्नो सार्वभौम स्वतन्त्रता कायम गरेका छन्। १० हजार जनसङ्ख्या भएको होस या १० अरब जनसङ्ख्या भएको होस, या १० करोड जनसङ्ख्या भएको होस उनीहरु सबै बराबर छन्। हो यो सिद्धान्तको आधारमा हामीले आज बिदेश नीति अबलम्बन गर्ने ठाउँमा हामी आईपुग्या छौं।यो पनि खुशी को कुरा हो नि। आजसम्म नेपालले स्वतन्त्र ढङ्गले दासिताबाट मुक्ति भएर या तपाईंको कसैको गुमस्तबाट मुक्ति भएर मुक्त भएर यो बिचार नेपाल सरकारले जुन

नेपालको हाम्रो छिमेकीको सामु पस्काको छ। र उनीहरुलाई यो कुरा भनेको छ। हामी अलिकति त्यसकारणले अलिकति हामी प्रदर्शिता पनि भएका छौं। अलिकति गौरवान्दित पनि भएका छौं। अलिकति अब हाम्रो यो हैसियत पनि बढेको छ। त्यसकारण उनीहरुले हाम्रो यो पनि आज हामीले प्राप्त गरेको महत्वपूर्ण विषय हो। भन्ने लाग्छ मलाई। धेरैले यो काण्डै काण्डको मुलुक भन्नु भयो हैन? अब कतिपय अघिल्लो काण्ड अघिल्लो सरकारको पालामा भएको काण्डहरु अहिले पटाक्षप भएको देखा परेको के, भित्र भित्र पाकेको उहिल्यै, गर्भधान भएको उहिल्यै अहिले प्याट्ट जन्मेको। त्यसकारण सबै दोष जति अहिले भएको जतिकुरा जे भाछ, अब सत्तामा बस्या हुनाले त्यो सुन्न त पर्ने होला। त्यो आलोचना सुन्न उ बाध्य छ तर हामी त्यसमा दुबिधामा छैनौ। जे कुरा हामीलाई लागिराछ। अगाडि भैराछ यो सबै कुरा हामीले बिस्तार बिस्तार हामी अहिले सत्ता पक्षमा जो कम्युनिष्ट पार्टी छ। बालुवाटार काण्ड या बालुवाटारको जे खालको कुरा भाछ। यो हामी प्रकृयामा छौं। त्यसको सबै कुरा जनताको अगाडि आउँछ। अब तपाईंको एनसेलको कुरा या अरु कुरा सरकारले त्यो लिने भन्छ। उता अर्को ठाउँबाट आदेश दिदिन्छ।नभएर हो भन्दिन्छ। हामी यो सबै कुरा हेरिराख्या छौं हामीले । कहिले हेर्या छैनौ। हामी निजगढमा एयर्पोर्ट बनाउनु पर्छ भन्ने त्यत्रो खरबौको योजनाको येयर्पोर्टको कुरा गरिराख्या छौं। हामी आज भन्दा १२ वर्ष भन्दा अगाडि ६४ सालमा निर्णय भएको कुरा आजको दिनसम्म कार्यान्वयन गर्न सक्या छैनौ। त्यत्रो महत्वपूर्ण योजना हाम्रो छ। मुलुकको कायापलट हुन्छ त्यो योजनाले। मुलुकको गेम नै चेन्ज गर्दिन्छ, विकासको गेम नै चेन्ज गर्ने त्यो योजना हो। अनि एउटा रुख ढाल्न हुन्न भन्ने न्याय दिनेहरुले के भन्छन, एउटा रुख प्यारो छ। तीन करोड जनता भन्दा। त्यस्तो निर्णय गर्दिएर अहिले रोक्ने काम भाछ। यस्ता यस्ता कुराले हाम्रो देश धेरै कुरामा अल्झिएको कुरा धेरै काण्डहरु तपाईको झुण्डीराख्या कुरा पनि हामीले बुझ्नु पर्छ जस्तो लाग्छ मलाई । त्यसकारण यस्तै बीचबाट हेर्दा खेरी अब यो राष्ट्रिय राजनीतिको बारेमा यति थोरै कुरा राखेर अब अलिकति हाम्रो

प्रमुख प्रतिपक्ष दलको नेताले पनि केही कुरा उठाउनु भाछ। मैले आफैले बोल्नु पर्ने थियो यो विषयमा। र सम्मानिय सदनमा सभामुख मार्फत यी कुराहरु राख्न पाउँदा खेरी जानकारी गर्न पाउँदा खेरी मैले गौरब ठानेको छु। यो दुम्किवास त्रिबेणी सडक उहाँको सरोकार जे हो मेरो पनि सरोकार त्यही छ। हामी लागिरहेकै छौं। यसलाई हाम्रो कुनै बिमती छैन। एउटाले गर्नुपर्छ भन्ने अर्कोले गर्नु हुदैंन । उहाँले पनि गर्नुपर्छ भन्ने हामीले पनि गर्नु पर्छ सबै ४ ओटै राजनीतिक दलले हामीले जे भन्या छौं। दुम्किवास देखि त्रिबेणीसम्म या पोखरा देखि दुम्किवास सम्म या दुम्किवास देखि त्रिबेणी सम्मको बाटो हाम्रो लाईफ लाईन हो भएकै छौं। हामीले। त्यही लाईफलाईन हो भने नीति तथा कार्यक्रम यहाँबाट पास गर्या छौं हामीले । हामी लाग्या लागेइ छौं। आज भन्दा झण्डै झण्डै २ वर्ष अगाडि अब १७/१८ महिना अगाडिबाट हामीले त्यँहाको लागि हामीले जग्गा माग्या माग्यै छौं। अनि माथि संघीय सरकारको बा मन्त्रालयले या राष्ट्रिय निकुञ्जले अनेक बखडा झिकेर यो तपाईंको राष्ट्रिय निकुञ्ज भित्रको जग्गा हो दिन मिल्दैन भनेर धेरै पटकको लभिङ गर्दा गर्दा गर्दा कहिले डाउन हुन्छ, हुन्छ ल ल हामी सहमति गर्छौं भन्छ, यत्तिकै यतिकै अहिले सम्म तपाईंको बन मन्त्रालयमा अड्केर बसिराछ हाम्रो चाहिं। नेपाल सरकारको सम्माननीय प्रधनमन्त्रीसँग मैले २/३ पटक सम्म अनुरोध गरिसक्य छु। की त हाम्रो बाटो हुन्न भन्दिनुस, तपाईंहरुले हुन्छ हाम्रो बाटो चाँडै स्विकृत गर्नु पर्यो हामी बनाउँछौं। आफै यसकारणले हाम्रो कारणले यो बाटो अझिराछैन, राष्ट्रिय राजनीतिका कारणले राष्ट्रिय माथिल्लै सरकारकै कारणले यो अल्झिराख्या छ। र हामीले यो पनी बिकल्प हेरौ होईन, त्यो पोखर चौर चितवन राष्ट्रिय निकुञ्जको वफरजो नगैकिन अलिकति पिलर बनाएर बाटो बनाउन सकिन्छ की माथिबाट माथि माथिबाट वफरजोनलाई नाघेर जान सकिन्छ की भन्ने पनि हेर्यौं। त्यसको पनि सम्भवाना रैन्छ। हाम्रो इन्जिनियरले त्यो सम्भवाना नै छैन भन्यो। अब अर्को तेस्रो बिकल्प भनेको सुरुङ मार्ग । सुरुङ् मार्गको हामीले सुरु गर्या छैनौ। र नेपाल सरकार र चीन सरकार बीचको सम्झौतामा सुरुङ मार्गहरुको अध्ययन गर्नको

लागि एउटा टीम पठाउने भन्ने सम्झौता भाछ। त्यो टीम आएर गर्यो भने हामी त्यहाँको सुरुङ मार्गको सम्भाब्यता अध्ययन गराउने कुरा मैले प्रधानमन्त्रीसँग कुरा राखिसक्या छु। त्यसकारणले यो हाम्रो अतृप्त तृष्णा आजको दिनसम्म पनि जारी छ। यो सबै मिलेर यो मागलाई पुरा गर्नु पर्ने छ। त्यसकारणले यसको प्रगती हुन सक्या छैन। तर हामी यसको लागि पर्याछौं। यसको बारेमा यति भन्न चाहान्छु। अब फेवातालको यो कथा छ जहिले यसको बारेमा यति भन्न चाहान्छु। अब फेवातालको यो कथा छ जहिले पनि । होइन? फेवातालको कथा किन छ, अब भन्दा खेरी यो मुख्यमन्त्रीले घुमाईफिराई माथिल्लो सरकारको थाप्लोमा राख्छ। अनि प्रदेश सरकारले सबै राम्रो राम्रो गर्या छ भन्ने हुन्छ। तर समस्या कहाँ नेर छ भने हाम्रो सवैधानीक प्रावधान अन्तरगत सबै स्वामित्व संघीय सरकारको एकल अधिकार भित्र छ। प्रदेशले त्यसको जल उपयोग गर्ने कुरा उसको अधिकार भित्र अनि त्यस्तो वैटलेन्ड ताल तलाउ तालतैयाहरुको जालाधार क्षेत्रको संरक्षण गर्ने जिम्मा स्थानीय सरकारलाई त्यो जल त्यसलाई सिमाङ्कन गर्ने कुरा त्यसको जलको उपयोग गर्ने कुरा त्यँहा अरु बिभिन्न निर्माणको काम र सरक्षण गर्ने कामको जिम्मा प्रदेश सरकारलाई। त्यो वैटल्याण्डको मुल स्वामित्व कसको भन्दा खेरी संघीय सरकारलाई त्यसकारणले हामीले एउटा कार्यदल बनायौ हैन? सर्बोच्चले पनि एउटा फैसला गर्दिएको छ, सर्बोच्चोको फैसलालाई कार्यन्वयन गर्नु पर्यो भने भोली सर्बोच्चले हाम्रो बिरुद्धमा मुद्धा लगाउला भन्ने हामेले संघीय सरलाई चाँडै हामीले धेरै पटक भन्दा खेरी कानमा बतास लागेन। जहाँ हामीले आफै सुरु गरौं भनेर आफ्नो लेवलबाट मन्त्रीको नेतृत्वमा पर्यटन मन्त्रीको नेतृत्वमा एउटा ११ सदस्यिय एउटा कार्यदल बनायौ। समिति बनायौं। यो फेवातालको तपाईंको संरक्षण कसरी हुन सक्दछ? त्यसको सर्बोच्च अदालतको फैसला पनि हेरेर त्यसलाई आधार मानेर कत्ति साबिक तपाईको २२ हजार रोपनी जग्गाको फेवाताल आज कति कायम गर्दा खेरी ब्यबाहारिक होला। कति कायम गर्न सकिएला आज। त्यसको सिफारिस गर्नको लागि हामीले एउटा समिति बनायौं। समितिले लामो सबैसँग

लामो छलफल चलायो। तर समिति निष्कर्षमा के पुग्न सकेन ? हाम्रो समितिमा रहनु भएका साथीहरुले एउटा प्रश्न उठाएको होइन? यो केन्द्रको सरकारको विषय भएको हुनाले र सिमाङ्कन गर्ने काम सर्बोच्चको फसलाले पनि केन्द्रले गर्ने भन्या संघीय सरकारले गर्ने भन्या हुनाले संघीय सरकार अन्तर्गतको नापी बिभागको कर्मचारी त आउनु पर्यो नि त । उनीहरुको स्वामित्व कोले गर्या त यो त तपाईंको सर्बेक्षण कसले गर्या यो नापी कसले गर्या यो क्षेत्रफलको भन्दा खेरी भोली फेरी संघ सरकारले प्रश्न उठाउन सक्छ र फेरी लम्बिन सक्छ। त्यसकारणले हामीले भूमि सुधार मन्त्रालयसँग समन्वय गरेर नापी बिभागको मान्छेहरुलाई पठाईदिनुस भनेर भन्यौ। नापी बिभागमा उनीहरुले हेरिसक्यो। उनीहरुलाई फेवाताल दुखेकै छैन। दुखे त पोखेलीलाई दुख्या छ। फेवाताल दुख्या छ त गण्डकी प्रदेश सरकारलाई दुख्या छ त्यसकरण प्रधानमन्त्रीसँग २/३ पटक कुराकानी भैसक्यो। मन्त्रीज्यूसँग भूमिसुधार मन्त्रीज्यूसँग धेरै पटक कुराकानी त्यसकारणले हामी के भनिराख्या छौं भने हामी एउटा सिफारिस गर्छौं। र त्यो हामीले सिफारिस गरेको आधारमा सिमाङ्कन गर्दिनुस। सिमा निर्धारण गर्दियो भने त्यसबाट सिमा रक्षा गर्ने काम प्रदेश गर्छ ल। १ खरब १ अरब २ अरब कति लाग्छ। हामी गर्छौं। सिमाङ्कन गरेर सबै गरेर बाउड्रीङ गर्ने काम हामी गर्छौं। त्यसपछि त्यसको संरक्षण गर्ने काम हामी गर्छौं। त्यसको डेपलप गर्ने काम हामी गर्छौं। र त्यसलाई हाम्रो सम्पतीसँग जोड्न चाहान्छौ। भनेर हामीले भन्या छौं। तर यसको लागि हामी माथि अड्किराछौं। मलाई विस्वाश छ २/३ महिना भित्र संघ सरकारले एउटा निर्णय गर्ने ठाउँमा पुग्छ की। भन्ने विस्वाश छ। किनकी हामीले धेरै सरकारको विषय उठाएका छौं। सायद आज हाम्रो उपप्रधानमन्त्री रक्षा मन्त्री पनि आउँदै हुनुहुन्छ । उहाँसँग पनि हामी यो विषयमा कुराकानी गर्छौं। र यो नेपाल ट्रष्टको हिमागृह र यो रत्न मन्दिर बङ्गला लगायतको केही जग्गाहरु पनि छ। यसलाई प्रयोग गर्ने हामी कुनै निजि उनीहरु पनि कुराकानी गर्दा त्यही भन्या छ हैन। निजि क्षेत्रलाई दिनि होइन कुनै सस्थालाई दिदैनौ हामी ब्यापारिक संस्थाहरुलाई। हामी प्रदेश

सरकारलाई हस्तान्त्रण गर्छौं यो। यसको तपाईंको ब्यवस्थापनको लागि त्यसकारण प्रदेश सरकारको ब्यवस्थापनमा यो हिमागृह या तपाईंको रत्नमन्दिर बङ्गला र अरु त्यँहा माथि हाम्रो बीच भलिवलको कोट भाको जमिन पनि छ। यो सबै भयो भने हाम्रो टुरिजमको प्रमोसन गर्न लागि ती कामहरु हामी गर्न सक्छौ। भनेर बस्या छौं । निष्कर्ष त निस्क्या छैन अहिले सम्म मौखिक सहमति भाछ। लिखितम भाछैन। बखितम मात्र भाछ। लिखितम नभएपछि अन्तिम निष्कर्ष गर्ने ठाउँ रहँदैन। त्यसकारण आज हाम्रो छलफल भएर केही निष्कर्ष निस्किएला। त्यसकारणले यो फेवातालको फेवालातल अब कसैको कथा पनि बन्नु हुदैन। कसैको तपाईंको सरकारको बिरोधको माध्यम बन्नु हुदैन। या तपाईंको सरकारले दुनियालाई देखाएर हामीले गर्न सक्या छैन । यस्तो भयो भनेर यो कसैको एउटा बिवाद या छलफलको या भनाभनको स्थिति नबनोस भन्ने ठाउँमा हामी पुग्या छौं। सायद मलाई विस्वाश छ। २/४ महिना भित्र यो समस्याको समाधान भएर फेवाताल अब फेवातालको सिमाना सदाको लागि निर्धारण हुने काम हुन्छ भन्ने विस्वाश जानकारी गराउन चाहान्छु। र नारायणीको तटबन्धको डिपिआर बन्यो की बनेन? हामीले सोचाई के छ भन्दा खेरी नारायणीको डिपिआर बनाउँदा खेरी अब त्यँहा २ सय यात्रुहरु अट्ने क्रुस पनि अभ्यासमा आईसक्यो। हैन। धाम देखि तल चितवनको नारायणघाटसम्म कुर्सिको अस्ति उद्घाटन भयो नि। सिलन्यास भयो की उद्घाटन भयो की? सुभारम्भ भयो। त्यसकारणले त्यहाँ सुभारम्भ भएको कारणले हाम्रो उद्देश्य के छ भने देखि सकीयो भने हामी पुल्चोक बाट त्रिबेणी सम्म नरायणीको किनारै किनार करिडोर किन नबनाउने? नारायणी करिडोर, किन नबनाउने भन्ने सोचमा छौं। त्यसकारण त्यसको लागि तपाईंको पहिला सर्बेक्षण गरेर अनि डिपिआरको तयार गर्ने काम हामीले थाल्या छैनौ। हामीले त्यो सोच बनाएका छौं। प्रोभ्याब्ली हामीले यो काम गर्छौं।यो वर्षको आर्थिक वर्ष बजेटमा यो कार्यक्रम ब्यवस्था नगरेको खाली हामीले तटबन्धको मात्र कुराकानी घर्या हुनाले अहिले तटबन्धको लागि हामीले केही रकम छुट्याएका छौं। र कामको लागि पनि डिपिआर

बन्नु पर्ने छ। त्यो बन्छ। र बृहत्तर नारायणी करिडोरको लागि हामीले अर्को बजेटमा व्यवस्थापन गर्ने कुरा मैले यहाँ जानकारी गराउँन चाहान्छु। र अर्को बजेटको खर्च के छ भने देखि गत वर्ष हामीले चैतको ८ गते पहिलो र दोश्रो चौमासिकको एकैचोटी बैठक बस्या थियौ हामी। पहिलो चौमासिकमा बैठक बस्ने स्थिति नै बनेन किन भने कुनै पनि काम सुरु भाछैन के बैठक बस्ने भनेर बैठक बस्दा खेरी हाम्रो जम्मा ११% खर्च भाथ्यो। चालु खर्च र पुँजीगत खर्च यो वर्ष हामीले अस्ति तपाईंको प्रथम तह चौमासिकको बैठक बसेर करिब करिब ७% खर्च भएको त्यसले यता देखि यो १ महिना भित्र धेरै खर्च बढ्या छैन। अब हाम्रो म्यासिब्ली यो दोश्रो चौमासिकमा स्गर्न नसक्दा हाम्रो धेरै कुराहरु सम्झौतामा गैसक्या हुन्छ। सम्झौतामा गैसकेर पहिलो किस्ता डेलीभरि भैइरा हुन्छ। त्यसपछाडी अर्को अहिले सुरु भैरहेको चलिरहेको दोस्रो किस्ता हुँदा खेरी एकैचोटी हाम्रो पुग्छ। हाम्रो टार्गेट के छ भन्दा खेरी दोश्रो चौमासिक सक्दा नसक्दा हामीले कमसेकम ६०% कटाउनु पर्दछ। भन्नेमा छौं हामी, गत वर्ष हाम्रो चैत महिनामा फागुन सम्मको प्रगति बिबरण के थियो भन्दा खेरी ११% मात्रै थियो। होइन? अहिले हामी फागुनमा करिब करिब हामी ५०/६०% कटाउँछौं। त्यसो हुदा खेरी नि हाम्रो तपाईंको गतवर्ष ६६% हाम्रो खर्च भाथ्यो। त्यसकारणले अहिले हामीले ९५% हाम्रो तार्गेट छ। ९५ % आजको दिनसम्म पुग्छ भन्ने नै छौं हामी। तर त्यसको लागि हामीले यो विधि विधानमा धेरै अल्झिएर किन भने देखि के भन्यो अनुदान दिनको लागि कार्यविधि बनाउ सारा बनाउन। तथानाम खर्च नगर, भनेर हामीलाई भन्या छ। अख्तियारले। अख्तियारले ६१ बँदे निर्देशन जारी गर्या छ त्यसमा ४२ ओटा बुँदाहरु स्थानीय तहँसँग सहमति भएर जारी गार्या छ। हामीसँग १०/ १२ ओटा बुँदाहरु हामीसँग सम्बन्धित छ। हामी र प्रदेश सरकार स्थानीय सरकारसँग जोडिएका विषयहरुमा बाँकी त्यसकारणले तर उनीहरुको निरिक्षण हेर्दा खेरी उनीहरुले निर्देशन गर्नु भन्दा अगाडि नै हामीले ती सबै काम हरु गरिसक्या हुनाले उनीहरुको निर्देशन हामीहरुले पहिले नै पुरा गरिसक्या छौं। खाली अनुदान दिंदै कार्यविधि बनाएर

अनुदान देउ भन्या हुनाले अहिले हामीले कार्यविधि बनाउँदै छौं। त्यसकारणले सर्बोच्चोले अरु अरु ठाउँको पनि हेरेर समुच्चो रुपमा भनेको होला भन्ने लाग्छ हामीलाई। त्यसकारणले हामीले यो खर्चको हिसाबले पारदर्शिताका हिसाबले विधि बिधानको हिसाबले अनाबश्यक खर्च गर्ने हिसाबले हामी एकदमै नियन्त्रीत छौं। फजुल खर्च हामीले एकदम नियन्त्रण गर्या छौं। विधि बिधान बिना हामी १ पैसा पनि कसैलाई हामी दिदैनौ। त्यसकारणले यो हिसाबले हाम्रो प्रदेश सरकारको खर्च अलि ढिलो हुने कारण यो कारण पनि छ। त्यसकारणले गर्दा खेरी त्यो भएपनि हामीले फास्ट्र्याकमा नै गएर यो सबै कुरामा छिटो छिटो गएर हामी काम गरिराख्या छौं। यो पनि मैले यहाँहरुलाई निबेदन गर्न चाहान्छु,। कालीगण्डकीको डाईभर्सनको मेरो भनाई के मात्रै हो भने देखि, यो कालिगन्डकी डाईभर्सनको प्रोजेक्ट नेपाल एकीकृत मुलुक हुँदा आएको प्रोजेक्ट हो। त्यो बेला आएको प्रोजेक्ट आज पनि जिवितै राखेर बेला बेलामा भाषामा यो कुरा आईराख्या हुन्छ। हैन, सम्बन्धित ब्याक्तिको भाषामा यो कुरा आईराख्या हुनाले हामीलाई बेला बेलामा तर्साईराक्या हुन्छ झस्काईख्या हुन्छ। बेला बेला प्रेरित भएर निस्किराख्या हुन्छ। क्या त्यो कुरा। हैन त्यसको प्रतिवाद बेला बेलामा गर्नुपर्ने हुन्छ। मैले यो प्रतिवाद धेरै ठाउँबाट मेरो आलोचना पनि भैराछ, त्यसकारणले गर्दा हामीले किन आलोचना, प्रतिवाद गरेको अब अर्को ७ ओटा प्रदेशहरु बनिसके नेपालमा र ७ ओटा प्रदेश बनिसके हिजो सिङ्गो मुलुकको सेवा नदि नभएको मुलुक अब २ ओटा प्रदेश बीचको सिमा नदि बनिसक्यो। कुनै पनि सिमा हिमाल बनिसक्यो। सिमा ताल बनिसक्यो। सिमा जङ्गल बनिसक्यो। जङ्गल २ ओटा ओटालाई भाग परिसक्यो। भाग लगाउनु पर्ने २ प्रदेशको सहमति नभैकिन, सघको सहमति नभैकिन, ती कार्यक्रम कार्यान्वयन नभैकिन हिजोको कथा हालेर हामी गर्छौं, हामी गर्छौं। भनेर जे भनिराछ, त्यो १६ आना संघीयताको महत्व बिपरित छ। हाम्रो अधिकार बिपरित छ भनेर हामी कुरा उठाएका छौं। मैले प्रश्न उठाएको विषय के छ भने देखि अब संघ सरकारले चाहायो भने प्रदेश सरकारको २ ओटा प्रदेश सरकारको ३ ओटा प्रदेश सरकारको

बीचको सिमाना प्रयोग गर्न नसक्ने होइन उसले सक्छ उसले तर उसले सक्छ भन्दा खेरी अब त त्यँहा सरोकारवाला भैसक्या हुन्छ। हाम्रो पनि सरकार रहन्छ, अनि हामीलाई पनि चित्त नबुझाईकिन हामीसँग पनि सहमति नजुटाईकिन गर्ने कुरा त्यो कार्यान्वयन गर्न गाह्रो हुन्छ। हामी कार्यान्वयन गर्न दिन्नौ फेरी आफ्नो आफ्नो अधिकारको कुरा पनि छ त्यहाँ। प्राकृतिक श्रोत र साधनको कुरा हाम्रो पनि अधिकारको कुरा भा हुनाले त्यसलाई लागिराछौं। के भन्या छौं भने देखि हाम्रो पनि हक लाग्ने हाम्रो पनि सरोकार राख्ने विषयमा छलफल हुँदा खेरी तपाईहरुले एउटा मात्र चिजको सन्दर्भ हेरेर त्यो प्रोग्राम अगाडि सार्न मिल्दैन। भनेछु मैले। लुम्बिनी र रुपन्देहि र कपिलबस्तु जिल्ला २ ओटा जिल्लालाई सिँचाई गर्ने राष्ट्रको तपाईंको आजको आवश्यकता हो भने यहाँ त्यहाँबाट उत्पादित हुने ४२ वा ५२ मेघावाट कति हो हैन त्यस्तै कति होला, त्यो बिजुली उत्पादन नहुँदा सिङ्गो नेपाल अध्यारो या हुने नेपालमा तपाईंको लोडसेडिङ भइराछ। लोडसेडिङ १८ घण्टाबाट २२ घण्टा हुने, या १५ घण्टाबाट २० घण्टा हुने घण्टा लोड्सेडिङ पुग्ने त्यो उत्पादन लोड्सेडिङ घटिहाल्ने भो भने देखि गण्डकी प्रदेश सरकारले एकदम दुखका साथ हुन्छ भन्न सक्छ। तर त्यो स्थिति हो की होइन? रुपन्देहि र कपिलबस्तुलाई सिँचाई नगरी नहुने हो भने राप्तिबाट ल्याउन पनि भैहाल्छ। आफ्नै प्रदेशको नदिबाट ल्याउ पानी। यो २ ओटा प्रदेशको सिमा नदिबाट ल्याएर झगडा किन निम्त्याउनु हुन्छ? हामी सँग असहमति किन गरि राख्नु हुन्छ? किन एकलौटी गर्न खोज्नु हुन्छ? पहिलो कुरा, दोश्रो कुरा अनि आज तपाईंको ५२ मेघावाट बिजुली उत्पादन नहुँदा खेरी नेपाल अँध्यारो हुने ठाउँ कहाँ छ। ५२ मेघावाट नेपालमा हजारओटा प्रोजेक्ट छन् पानीका अरु ठाउँमा थरे भो नि बिवादित किन ५२ वाट पानी निकाल्न पर्यो? बिजुली निकाल्न पर्यो। हामीले यो कुरा भनिराछौं। तेस्रो कुरा कालीगण्डकी संसारकै त्यस्तो नदि हो जहाँ सालिग्राम बन्छ। एउटा मात्र पबित्र नदि हो। त्यस्तो पबित्र नदिको पबित्रतामाथि धेरै कुरा अध्यन नै नगरिकिन लहडमा कसैले निर्णय गर्छ भने त्यसमाथि पुनर्बिचार गर्न

पर्ने की नपर्ने? कालीगण्डकी एकपटक डाईभर्सन भैदियो भने हाम्रो आजको देबघाट सबै अस्तित्व समापत हुन्छ। जसलाई हामीले नेपालको काँसि बनारस भन्या छौं।त्यसको कसैले जिम्मेवारी लिने की नलिने? गण्डकी प्रदेशले यसको बारेमा कुरा उथाउने की नठाउने? चौंथो कुरा त्यहाँ डाईभर्सन बन्दा खेरी मैले भन्ने गर्या छु। माननीय केन्द्रीय सांसदज्यूहरुको अगाडि फेरी पनि भन्न चाहान्छु, सभामुख मार्फत त्यो विषय के हो भने देखि, कालीगण्डकी डाईभर्सन हुँदा खेरी कालीगण्डकी हुँदा तल्लो तटिय क्षेत्रको जनताको हालत के हुन्छ? त्यहाँको पर्यावरणको स्थिति के हुन्छ? त्यहांको श्रोत साधनको स्थिति के हुन्छ? आज पनि त्यो क्षेत्र एउटा स्याडो एरिया हो । सबै तलबाट आउने ढाका देवचुलीले छेकिदिन्छ । पानी नवलपुरमा पर्छ , यता पर्दैन। त्यहाँ देखि अग्लो डांडा या हिमाअल मै आउनु पर्छ । त्यसैले त्यो सुख्खा क्षेत्र हो । आज पनि आधारभूत पानी नखाको त्यो ठाउँको जनता हो । पर्यावरणिय विदहरुले के भन्या छन् भने कालीगण्डकी डाइभर्सन वन्स विल्द सारा क्षेत्रको २५ वर्ष भित्र मरु भूमि हुन्छ भन्या छ । अनि स्याङ्जाको २ ओता पालिका र पाल्पाको २ ओटा पालिका तनहुको र नवलपुरको यी चारओटा जिल्लालाई नै भै भूमिकरण गर्नको लागि २ ओटा जिल्लाको हुनुपर्यो किन । एउटा पर्यावरण बचाउन अर्को चारवटा पर्यावरण बिगार्ने नेपाल सरकारले किन? आँखा गाडेको? यही मेरो प्रश्न छ। मैले प्रधानमन्त्री जीलाई पनि यो कुरा राखि सक्या छु। मेरो एकदम गम्भीर अब्जेसन छ। मैले त भनिसक्या छु मेरो गर्धन जाला यो बनाउन दिन्न भनेर । भन्या छु। हं त्यसो त नभनिहाल्नु न। त्यो हुँदा खेरी त तपाईंहरुसँग छलफल गरेर गरिन्छ, नि भन्नु भयो उहाँले। त्यसकारणले यो कालीगण्डकी डाईभर्सन हाम्रो लागि एउटा र कतिपय प्रेस या मिडियाहरुले यसलाई उचाली राख्या देखिन्छ। झगडा गराई राख्ने या केके । गर्या देखिन्छ त्यस्तो त्यस्तो होइन यो यो संघीयतामा के हुन्छ भने तल नयाँ सरकारहरु बन्या हुनाले त्यहाँ पनि सब विकास हुन्छ भन्ने कुरा बुझ्नु पर्छ। राष्ट्रियता जसरी नेपालको सिमा नेपालको प्राकृतिक श्रोत र साधनको उपयोग गर्ने कुरामा सिङ्गो

नेपाल सरकारको एउटा सरोकार हुन्छ भने त्यँहा एउटा राष्ट्रियताको भावना जागृत हुन्छ। आफ्नो नेपालको सिमाको कसरी रक्षा गर्ने, आफ्नो नेपालको तपाईंको स्रोत र साधनको कसरी जनताको हितमा प्रयोग गर्ने, समृद्धिको लागि कसरी प्रयोग गर्ने, भन्ने हुन्छ। त्यस्तै ७ ओटा प्रदेश सरकार बनेका छन्। ७ ओटा प्रदेश सरकारको आफ्नो प्रदेश बाहेक भार हुन्छ की हुँदैन। प्रदेशको श्रोत र साधनलाई कसरी प्रदेशको समृद्धिमा लगाउने? भन्ने कुरा हुन्छ की हुदैन? भन्नुस त । अनि त्यो जुन स्रोत साधनलाई बचाएर राख्न नसक्ने अरु टुलुटुलु हेरेर बस्ने? मुख्यमन्त्रीलाई जनताले के भन्छ? त्यो सरकारलाई जनताले के भन्छ? त्य सकारण त्यहाँ पनि नजानिंदो ढँगले उपराष्ट्रवाद जन्मिराख्या हुन्छ। त्यो उपराष्ट्रवादको नेता मुख्यमन्त्री या दलको या प्रतिपक्ष दलको नेता या मन्त्रीहरु कोको हो? हामी नै हौ नि। या प्रदेश सभा, या प्रदेश सरकार हो। त्यसको प्रोडक्सन गर्ने जिम्मा अनि हामीलाई गण्डकी प्रदेशको पक्षमा बोल्छौ की? फलानो प्रदेशको? ५ नम्बर प्रदेश आफ्नो पक्षमा बोल्छ की गण्डकी प्रदेशको पक्षमा? आफ्नो आफ्नो प्रदेशको पक्षमा बोल्छ नि त । आफ्नो आफ्नो प्रदेशको पक्षमानदिनाला आफ्नो हितमा बढि प्रयोग गरौ। खानीहरु आफ्नो हितमा प्रयोग गरौ। उ भन्दा बढि हामीले विकास गरौं। भनिराको एउटा मैले जहिले पनि ओकलीराख्या हुन्छु। के भने देखि गण्डकी प्रदेश के भने देखि हुनुपर्छ। त्यो पनि सब् नेस्नलाजिमको भावना हो त्यो। त्यसकारणले त्यो भावनाको साथ हामीले काम गर्या छौं र त्यसमा पनि यो कालीगण्डकी डाईभर्सन को विषय पनि सिन्डो सदन एक ढिक्का छ। त्यसमा पनि म हामीले गर्भ गर्नु पर्छ। र अन्तिममा म के भन्न चाहान्छु भने देखि अस्ति हाम्रो सभामुखज्यू सहितको आज हाम्रो माननीयजीले भन्नु भयो सभामुखज्यूको एउटा डेलिकेसन मुख्यमन्त्री कहाँ आएर उहाँले भन्नु भयो। १ नम्बर प्रदेशको भ्रमण गर्नु भयो, २ नम्बरको गर्नु भयो। ३ नम्बरको गर्नु भयो। पहिला ५ र ६ गर्या ७ गरेर आउनु भयो। होइन? म अहिलेपनि उहाँलाई गर्या थिए । ५, ६ र ७ प्रदेश घुमेर आगो जस्तै फेरी अर्को कुनै ब्यबहार काम गर्नु पर्ने हो की थप भनेको

त्यस्तो होइन नयाँ अनुभव छ हामीसँग भन्नु भयो। ल मैले ठठ्ठा गर्या मात्रै हो आउनुस न भनेर भने हैन? उहाहरुले भन्नु भयो। उहाँहरुले २/३ ओटा कुरा भन्नु भयो। एउटा होइन १ नम्बर ले त १ अरब बिदेशी को रिन सहायता लिईसकेछ, खोई हाम्रो? अब मैले भने बित्या छैन। उनीहरुले १ अरबको सम्झौता गरे हामी ३० अरबको सम्झौता गर्दै छौं। या ३२ अर्बको सम्झौता गर्दै छौं। अरु सानो कुराको पनि हाम्रो ठुलो कुराको पनि साईलेन्स भएर काम गरिराख्या छौं। लो साउण्डका साथ काम गरिराख्या छौं। ता की फेरी धेरै बिघ्नबाधाहारु न आओस भनेर । अब भएपछि त देखिहाल्नु हुन्छ जनताले थाहा पाईहाल्नु हुन्छ भनेर हामीले केही ठुलठुलो कुराहरुको जे जे भैराछ त्यसको हाईसाउण्ड गरेकै छैनौ हामीले। पहिलो कुरा त्यसकारणले त्यसमा पनि हामी पछाडी हुदैनौ भन्ने कुरा म यहाँलाई निबेदन गर्न चाहान्छु। अर्को यो बेटी बचाओ बेटी पढाउँ भन्ने त्यो उनीहरुको आफ्नो समस्या हो। आज म के निबेदन गर्न चाहान्छु भने हाम्रो प्रदेशमा यो नारा लागाएर २ नम्बरको मुख्यमन्त्री जस्तो यहाँको मुख्यमन्त्री पपुलर हुन्न। किन हाम्रो यहाँ को छोरा र छोरीको बीचमा बिभेद हाम्रो प्रदेशमा कहाँ धेरै छ? एकात अझै पनि होला बिद्यालयमा गाउँ-गाउँमा बिद्यालयमा जाने हो भने देखि बिभेद एउटा कुरामा छ बरु छोरालाई बोर्डिङमा पढाउने, छोरीहरुलाई सार्वजनिक स्कुलमा पढाउने यो बिभेद छ। तर हाम्रो बाबु नानीहरु स्कुल नै नगएको छैन नि। गाउँको स्कुलमा गयो भने ६०% नानीहरु ४०% बाबुहरु या ४५% ५५ भैराख्या देखिन्छ। त्यसतो देखिन्छ। क्यापसमा जाँदा अब हाम्रो धेरै कमि नै छैन, कुनै फरक नै छैन। त्यसकारणले त्यो हाम्रो साह्रै ठुलो समस्या होइन। उनीहरुको त तपाईंको छोरी जन्मिने बित्तिकै इनारमा फाल्दिने आज पनि त्यो समस्या छ त्यहाँ हैन छोरी जन्मिने बित्तिकै किन फाल्नु पर्यो भने देखि छोरी जन्मेपछि ठुलो बिहे गर्दिनु पर्यो, दाईजो तीलो गर्नु पर्यो, पढाउनु पर्यो, पढाउने कुरा उनीहरुले बोझ ठानी राख्या छन्। त्यो समाज । त्यसकारणले गर्दा खेरी त्यँहा छोरी मान्छे भएपछि, बोक्सी हुन्छ भन ठान्छ। उनीहरुले। लोग्ने मान्छे बोक्सो हुन्छ भन्देन। उनीहरुले। त्यो समाज चाँही एकदमै

यति धेरै महिला र पुरुषको बीचममा यति धेरै बिभेद छ की, त्यसकारणले तिनीहरुले त्यो उनीहरुले राम्रो मुद्धा पत्ता लागाको हुनाले र त्यो गर्या हुनाले मैले मुख्य मन्त्रीलाई पहिले पनि बधाई दि सके तपाईंको यो काम राम्रो कार्यक्रम हो भनेर तर हामीले के गर्ने त नयाँ अप्लोड कामहरु केही गर्नु पर्यो। भन्ने त छ। हामीले गर्नु पर्ने १/२ ओटा काम हरु हुन सक्दछ। मैले गाउँपालिका र नगरपालिका लाई अस्ति प्रदेश सभाको बैठकमा पनि भने मैले तपाईंहरुले हाम्रो प्रदेशमा भएको गरिबिको रेखा मुनि रहेका घरहरु आफ्नो पालिकामा भएको घरहरु पत्ता लगाउनुस। कति घर धुरी हाम्रो प्रदेशमा गरिबिको रेखा मुनि छन्? त तीनलाई एउटा राहातको प्याकेज ल्याउँ। हामी विशेष कार्यक्रम घोषणा गरेर यो संसदबाट अनुमोदन गराएर एउटा रहातको प्याकेज ल्याउन सक्छौ। त्यो भन्या के प्रत्येक तपाईंको गरिबिको रेखामुनि भन्या तपाईंको अहिले १ दलर युएनको या वर्ड बैङ्कको मापदण्डमा १ डलर १ दिनमा नकमाउने गरिबिको रेखा मुनि। होइन? तर नेपाल सराकर बाणिज्य अर्थ मन्त्रालयबाट एउटा निकाल्यो। १९ हजार २००, ६१ रुपैया १ वर्षमा कुन घरले कमाउँदैन, लाईन भित्र हो भन्छ। हाम्रो गाउँमा नगरमा कतत छन त आफ्नो नगरभित्र आफ्नो गाउँभित्र १ वर्षमा करिब करिब २० हजार पनि आम्दानी गर्न नसक्ने घरहरु पताउन सकिन्छ नि, त्यो घरहरुको सङ्ख्या हामीलाई दिनुस। प्रदेश लाई प्रदेश सरकारले एउटा राहात प्याकेज ल्याउँछ ल। एक एक जना तपाईंको स्वरोजगार या रोजगारी सिर्जना गर्दिने हो की? या महिनामा कुनै न कुनै १/१ हजार दियो भने महिनामा वर्षमा त १२ हजार हुन्छ, २/२ हजार दियो भने २४ हजार हुन्छ। तीनीहरुलाई २० हजर भन्दा माथि कमाउने भैहाल्यो। उसको घरमा त जानी भयो नि त। त्यसरी उनीहरुलाई हामी त्यहाँबाट लिफ्ट गर्न पनि सक्छौ या उनीहरुलाई कुनै नकुनै राहात प्याकेज प्रोग्राम डिल गर्न सक्छौ। भनेर भन्या छौं हामीले हैन। त्यसतो कुनै प्रोग्राम ल्याउने की? या तपाईंको अपाङ्गता असक्त भएका ब्याक्तिहरुलाई छुट्टै भत्ताको ब्यवस्था गर्दिनेकी? या के गर्ने हामी? हामी कुनै एउटा त्यस्तो काम गरौं। आधारभुत या हाम्रो हाम्रो प्रदेशमा भएको

जति श्रमहरु छन् । सबैमा हामी आवाश क्षेत्र बनाईदिने भन्ने प्रोग्राम ल्याउने की? त्यो गर्दा सहरको मात्र गरिबहरुलाई हुन्छ । गाउँको हुँदैन फेरी। जनता आवाश कार्यक्रम त हामी चलाईराखेकै छौं नि। जमजुङ् मा १६ घर तपाईंको चेपाङ हरुको घर त सबै घरवार बिहिनहरु सबै घरवार सहितको भैसके। त्यो कम हामीहरुले उद्धाटन गर्न बाँकी छ। केही केही ठाउँमा गरिसक्यौ तर यो सानो लेबलमा ठुलो लेबलमा छैन। यसलाई ठुलो लेबलमा लैजान पनि हामी सक्दछौं। त्यसकारणले त्यसको बारेमा पनि केही न केही नयाँ कुरा ल्याउने कुरालाई हामी कोसिस गरौंला । तपैइँहरुले पनि सुझाब दिनु होला के गर्दा खेरी उपयुक्त हुन्छ। कुन कुन तपाईंको त्यस्तो प्रभावकारी काम होला? राम्रो काम होला। हामीले अलि बढि के मा ध्यान दियौ भने अलिकति निर्माणमा भौतीक पुर्वधारमा बढि जोड दिएको त्यसले गर्दा खेरी अलि पछि हामीलाई सजिलो होला विकासको लागि भनेर उत्पादनको लागि भनेर । हामीलाई अलि पपुलिष्ट हुने काम मा नल्याएको । यो पपुलिष्ट तिर नलागौ। अलि लै पैसा दियो भने मान्छे खुशी हुन सक्दछन्। तर त्यसो दिएर भन्दा पनि उनीहरुलाई मान्छे एउटा तपाईंको भन्दा माछा आज दियो भोकै छ आजै खाईदिन्छ, भोली दियो भोली खाईदिन्छ। पर्सिको लागि फेरी चाहियो। उसलाई बरु बल्छि दिउँ। ताकी माछा मारेर खान सकोस् उसले। उसलाई साधन दिउँ। उसलाई स्रोत दिउँ सिप दिउँ। ताकी उ कमाई गरेर खान सक्ने स्थिति बनोस भन्ने यो सिधान्तमा आधारित भएर हामीले योजना बनाएका हुनाले यी कामहरु गरेका छौं। र अन्त्यमा म सरर मात्रै भन्छु म अब प्रदेश सरकारको कामहरु भएको अलिकति जानकारी गराउँछु। माननीय सभामुख महोदय, प्रदेश सरकारले प्रथम पञ्चबर्षिय विकास योजनाको लक्ष्य र आधार पत्र प्रकाशन गर्या छ।अब यसलाई हामी गण्डकी प्रदेश विकास प्राधिकरण विकास परिषदको बैठक राखेर निर्णय गरेर यसलाई अन्तिम रुप दिन्छौ। र नेपाल सरकारले संयुक्त राष्ट्र सम्बन्धिको विकासको लक्ष्य हासिल गर्न गरेको प्रतिबद्धतामा उल्लेखित तथ्याङ्कका आधारमा गण्डकी प्रदेशले पनि सन् २०३० सम्ममा हासिल लक्ष्यका साथ दिगो विकास लक्ष्यका

आधार रेखा त्यसको प्रतिवेदन नेपाली र अङ्ग्रेजि भाषामा हामी प्रकाशित गरिराख्या छौं। त्यसलाई लोकललाईजेसन पनि भन्छ। दिगो विकासको १७ ओटा इन्डिकेटरहरु जुन छन् लक्ष्यहरु जुन छन् हैन? त्यो १७ ओटा लक्ष्यहरु प्राप्त गर्नको लागि गण्डकी प्रदेश सरकारले आफ्नो लेबलबाट यसलाई हाम्रो नीति कार्यक्रमसँग गाँसेर योजना बनाएको छ र २०३० सम्ममा हाम्रो माध्यम गर्ने लक्ष्य राखेर योजना बनाएका छौं। र अस्ति पौष ३ र ४ गते प्रदेश समन्वयको बैठकबाट सबै १७ बुँदे निर्णयहरु गर्या छौं हामीले। त्यो १७ ओटा बुँदामा त्यसका मुलभूत जिष्टहरु पछि तपाईंहरुलाई बितरण गर्ने छौं। प्रदेश समन्वय परिषद सहजिकरण समिति हाम्रो बन्या छ। अरु कुनै पनि प्रदेशमा छैन। प्रदेश समन्वय परिषद्को बैठक हाम्रो तेस्रो बैठक भैसक्यो। अरुको दोस्रो बैठक मात्र होला जस्तो लाग्छ मलाई। हामी दोस्रो बैठक गर्दै थियौ अरु धेरै प्रदेशहरुले पहिलो बैठक बस्या थियो। यो कति ओटा बैठक बस्यो, भन्न भन्दा पनि के निर्णय गर्यो भन्ने महत्वपूर्ण छ। गण्डकी प्रदेश सरकार अरु प्रदेश भन्दा पृथक के मानेमा छ भने देखि अरु स्थानीय तहसँग आफ्नो प्रदेश भित्र रहेको स्थानीय तहसँग कसरी सहकार्य गरेर जाने, कसरी समन्वय गरेर जाने? भन्ने कुरामा योजना बद्ध ढङ्गले त्यस्तो संरचनाको ब्यवस्था गरेको देखिँदैन। संस्था ब्यवस्था गरेको देखिदैन। नीतिहरुको ब्यवस्था गरेको देखिदैन। हामीले गरेका छौं। हामीले राजनीतिक समस्याहुको समाधान, विकासका समस्याहरुको समाधान, गर्नको लागि मुख्यमन्त्रीको नेतृत्वमा प्रदेश समन्वय परिषद् सहजिकरण समिति राखेक छौं। अस्ति हामी बैठक बसेर यो गएको आर्थिक वर्षको समिक्षा गरौं। के के समस्याहरु हो त हाम्रो? प्रदेश र स्थानीय तहको बीचमा के के बिवादहरु छन्? भन्ने कुराहरु समस्याहरु छन् भन्ने पहिल्याएर त्यसलाई समाधान गर्ने प्रयत्न गरेका छौं। त्यसैले स्थानीय कानून तर्जुमा सहजिकरण समिति हाम्रो मा मुख्य न्याधिबक्ताको नेतृत्वमा पालिकाको नगरको, नगरपालिकाको, गाउँपालिकाको जिल्ला समन्वय समितिको साथीहरु सम्मेलित एउटा समिति बनाएका छौं। र त्यो समितिले कानून तर्जुमा गर्दा खेरी स्थानीय तह र प्रदेश र

संघीयबीचको कानूनको तादम्यता होस। भन्ने हिसाबले हामीले तालिमहरु दिएका छौं। हामीले सक्यौ। हामीले के सक्यौ। तालिम ८५ ओटा स्थानीय तहमा तालिम सक्यौ। स्थानीय तहको सबै होइन। अध्यक्ष उपाध्यक्ष, त्यहाँको प्रमुख प्रशासकीय अधिकृत, बिधायन समितिको संयोजक, त्यस्तो ब्यक्तिहरुलाई सहभागी गराएर हामीले प्राक्टिकल तालिम दियौं पहिलो चोटी। ४/४ दिनको प्राक्टिकल तालिम दियौं। विधेयक कसरी बनाउने, विधेयकको बनाउँदा अङ्ग केके हुनु पर्दछ, अनि विधेयक कसरी पारित हुन्छन। नगरसभा गाउँसभा र प्रदेश कसरी चल्या हुन्छ। प्रतिनिधि सभा कसरी चल्या हुन्छ। त्यसरी प्रदेश सभा चल्या हुनुपर्छ गाउँसभा चल्या हुनु पर्छ। त्यसरी नै विधेयकहरु पास गर्या हुनुपर्छ। त्यसरी नै अध्यक्षले प्रमाणीकरण गर्या हुनुपर्छ। राजपत्रमा प्रकाशित भएपछि अनि बल्ल कानून बन्छ। भन्ने कुराहरु हामीले गर्या छौं। प्राक्टिकल्लि उनीहरुले कसरी पास गराउने यसरी नै सभामुख बसेर जस्तो गरेर या मन्त्री भएर यो सबै अभ्यास गराएर हामी गरेका छौं। र यो काम सम्पन्न गरेका छौं। अब हाम्रो स्थानीय तहमा कानून तर्जुमा सहजीकरण समितिले दोश्रो फेजको काम गर्दै छ। स्थानीय तहम रहेका न्यायीक समितिहरुको तालिमको तयारी गर्दै छौं हामी। अब यो दोस्रो फेजमा सबै तालिम सक्छौ हामी। त्यसकारण ले यो यस्तो मसिनो काम अरु प्रदेशले गर्या छैन। हामीले गर्या छौं। र यस्तो गर्दा खेरी पनि अझै केही समस्याहरु रहिरन्छ। रहिरहेकै छ। त्यसकारणले यो एउटा महत्वपूर्ण काम हो। अर्को हामीले स्थानीय तहमा योजना तर्जुमा योजना बनाएको आफ्नो आफ्नो तालले धेरैले योजना बनाएको छैन। आवधिक योजना बनाएको छैन। बनाउनेले पनि आफ्नै ताल सुरको छ। यो प्रदेश सभामा पनि कहि कतै जोडिदैन । राष्ट्रिय योजना आयोगसँग पनि जोडिदैन। त्यसकारणले हामीले भन्या छौं। योजना निर्माण गर्दा खेरी देशको योजना र राष्ट्रीय योजनासँग जोडिएर तादम्यता मिल्ने गरी बनाउनु पर्यो । प्रथामिकता हरुमाथि हुन सक्छन तर मुख्य लक्ष्य त्यसरी जानु पर्यो। र त्यसको लागि हामीले हाम्रो प्रदेशको योजना आयोगको उपाध्यक्षको नेतृत्वमा एउटा स्थानीय तहमा योजना तर्जुमा

सहजिकरण समिति बनाएका छौं। यो स्थानीय ८५ ओटै स्थानीय तहमा योजना तर्जुमा कार्यक्रमहरु सम्पन्न गर्या छौं तर त्यो अझ म्यासिम्लि गर्न बाकीं छ। त्यसले पनि धेरै उहाँहरुलाई धेरै सहयोग भाछ। यो काम त १ वर्ष २ वर्ष अगाडि नै हुनु पर्थ्यो भन्ने धेरै को कुरा छ तर हामीले बनाएका कानूनहरु अपुरो छ । विधि नपुग्या रछ भन्ने छ। उहाँहरुको । अब यो प्रदेश सभामा यसको मिनि तयारी अवस्थामा रहेका छन् विधेयकहरु। गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठान विधेयक हामी ल्याउँदै छौं। वातवरण संरक्षण विधेयक ल्याउँदै छौं। बिज्ञान तथा प्रविधि सम्बन्धि विधेयक ल्याउँदै छौं। गण्डकी प्राविधिक शिक्षा तथा ब्याबसायीक तालिम प्रतिष्ठान विधेयक ल्याउँदै छौं। र यही अधिवेशनमा छलफलमा ल्याउने गरेर तयारी छलफलको क्रममा रहेका विधेयकहरु गण्डकी विकास प्राधिकरण विधेयक, गण्डकी प्रहरी विधेयक, प्रदेश खेलकुद विधेयक, प्लाष्टिक जन्य पदार्थ नियन्त्रण विधेयक, बालबालिका सम्बन्धि विधेयक, प्रदेश भवन निर्माण सम्बन्धि विधेयक, प्रदेश सिँचाई सम्बन्धि विधेयक आदि र मुख्य मन्त्रीको नेतृत्वमा कार्तिक १६ गते देखि २८ गते सम्म हाम्रो अमेरिकाको डिपार्मेण्ट हुन्छ, अथवा न्याय मन्त्रालयको कानून मन्त्रालयको सहयोगमा भनम न त्यहाँको कानून मन्त्रालय न्यायमन्त्रालयको सहयोगमा निमन्त्रणामा गण्डकी प्रदेशको मुख्यमन्त्री कानून मन्त्री, प्रदेशको प्रहरी प्रमुख, यहाँको मुख्य न्यायधिबक्ता, र सँघको प्रहरी डि.आ.ई.जी हामी ५ जनाको डेलिकेशन हामीले गएको क्यालिफोनिया स्टेट को भ्रमणमा गाथेउ। त्यो क्यालिफोनिया स्टेटको भ्रमणमा जाँदा के पर्या थियो भने त्यहाँ संघीय प्रहरी, राज्यको प्रहरी, नगरको प्रहरी र जिल्लाको प्रहरीको बीचमा कसरी समन्वय गरेर काम गर्या हुन्छ? उनीहरुको बीचमा समस्या केके हुन्छन? भन्ने कुराको अध्यान गर्न गाथेउ। र उनीहरु सम्बन्धित आफ्नो लेबलको सरकारको उनीहरुको सम्बन्ध कस्तो हुन्छ प्रहरी हरुको? भनेर हामी अध्ययन गर्न गाथेउ। र आफ्नो तहको न्यायधिवक्ताको कार्यालयहरु मे बि तपाईंको माथि केन्द्रमा उनीहरुको छैन। प्रदेशमा स्टेटमा उनीहरुको स्टट अटो जर्नल अफिस छ। त्यस्तै सिटीमा सिटी अटोको अफिस

छ। सिटी सेरीयमको अफिस छ। उसमा तपाईंको। काउण्टीङमा जिल्ला लेबलमा। त्यसकारणले उनीहरुको तपाईंको मुद्धाहरु अनुसन्धान गर्दा खेरी अभियोजन गर्दा खेरी कसरी त्यँहाको सरकारी वकीलको कार्यालय भनौ न बुझ्ने भाषामा भन्दा खेरी सरकारी वकीलको कार्यालय त्यहाँको प्रहरी र त्यहाँको सरकारले कसरी मिलेर काम गर्या हुन्छ? भनेर हामीले त्यो बारेमा धेरै अध्ययन गर्यौ। त्यसकारणले गर्दा खेरी त्यो अध्ययनबाट हामीले धेरै कुराहरु उपलब्धि हासिल गरेका छौं। त्यहाँ हाम्रो भन्दा फरक के रहेछ भने देखि हरेक तहको प्रहरीमा प्रहरी आयोग भन्नेको ब्यवस्था हुन्छ। जस्तो स्टेट पुलिस स्टेट पुलिस कमिसन भन्ने अफिस हुन्छ तिनीहरुको। स्टेट पुलिस कमिसनको कमिस्नर चिफ कमिस्नर गभर्नरले नियुक्ति गर्या हुन्छ। त्यसकारण १० जना अरु ९ जना कमिस्नरहरु गभर्नरले नियुक्ति गर्या हुन्छ। त्यसबाट त्यो स्टेटको प्रहरी आईजीपी त्यो स्टेटको प्रहरी चिफ आकैं हुन्छ प्रहरी चिफ, अनि त्यसको लिगल अर्गनाईजर यिनीहरुको बीचमा १५ सदस्यिय आयोग बन्छ त्यस्तै, सिटी लेबलमा आएपछि, नगर लेबलमा आएपछि १० जनाको ५ जना आयोगको सदस्यहरु, अनि त्यँहा पदेन सदस्य गरेर १० जनाको आयोग बन्छ त्यसको काम के हुन्छ भने आयोगको प्रहरीको लागि कति बजेट आवस्यक पर्छ? प्रहरीको बजेटको तयार गरेर सरकारलाई सुझाब दिने। कुनकुन नीतिहरु कानूनहरु बनाईदिनु पर्छ प्रहरीको कामको लागि प्रभावकारी बनाउनलाई, तालिम प्रभावकारी बनाउनलाई उनीहरुलाई, अनुसन्धानको कामलाई प्रभाकारी बनाउनको लागि या कानून कार्यान्वयन प्रभावकारी बनाउनको लागि या कानूनको अभियोजन गर्नको लागि प्रभावकारी बनाउनको लागि तपाईको काम गर्ने भनेर त्यो सबै नीतिहरु र पोलिसिहरु बनाउने काम त्यसले त्यो परामर्शदात्री संघठन जस्तो त्यहाँको सरकारको लागि त्यसको आधारमा सरकारले बजेट छुट्याउने, नीति पोलिसिहरु बनाउने काम गर्छ। हाम्रो ठाउँमा त्यस्तो गर्ने की ? भन्ने अहिले हामी छलफाल चलाईरहेका छौं। प्रदेश प्रहरी ऐन बनाउँदै छौं। किन त्यो जरुरी छ भने देखि अहिले सम्म नेपालको प्रहरीको ऐन या प्रहरी कार्यशैली के छ भने देखि

कोलेनियन पोलिसी भन्छौ हामी । त्यसलाई। यो ब्रिटिष्ट लिगेसिबाट आएको हुनाले नेपालको ब्युरोक्रेसि नेपालको प्रहरी, नेपालको सेना सबै कोलेनियल कन्सेप्टको हो। त्यो। अपनिबेश कालमा बनेका उपनिबेशवादिहरुलाई सघाउ पुर्याउने ढङ्गले आएका ढाँचाहरु संरचनाहरु हुन तिनिहरु हैन। आजसम्म हामी त्यसैमा हिडिराछौं। त्यसकारणले यो अब अपनिबेशिक पोलिसीको सिस्टमबाट होइन, अब प्रो पब्लिक पोलिसिको सिस्टमा जान पर्छ, हाम्रो पोलिसी जनताको लागि हो भन्ने कन्सेप्टको आधारमा हाम्रो अहिले सम्म पोलिसीहरु जनताको लागि भन्दा पनि के हुन्छ नेताको लागि। पार्टीको लागि। सरकारको लागि मात्रै भन्ने हुन्छ नि खास जनताको लागि भन्ने हुदैन। त्यसैले त्यो कन्सेप्टको आधारमा जानको लागि हामी त्यँहाको धेरै महत्वपूर्ण उपलब्धिहरु हासिल भाछ। र उनीहरुले निरन्तर हामीलाई सहयोग गर्ने कुरा पनि जानाई बनाई राख्या छ। त्यसतै प्रकारले नेपालको पर्यटकीय राजधानी पोखरामा मित्र राष्ट्रहरुबाट अहिले उच्चस्तरिय भ्रमण भयो। बङ्गलादेशको राष्ट्रपति यहाँ आउनु भयो। त्यो पोखराको एउटा प्रचार हामीले लाखौं रुपैया खर्च गर्दा पनि नहुने प्रचार उहाँ आएर हाम्रो प्रचार भाछ। त्यसमा हामीले भव्य स्वागत गर्यौं उहाँलाई आथित्यता प्रदान गर्यौं। मित्रराष्ट्र चीन तिब्बतको गभर्नर पनि यहाँ मलाई भेट्न आउनु भयो। युआन प्रान्तको गभर्नर पनि मलाई भेट्न आउनु भयो। उहाँहरुसँग हाम्रो ब्यापर २ पक्षिय सम्बन्धका कुराहरु ब्यापारका कुराहरु र विकास निर्माणका कामहरुमा सहयोग गर्ने कुराहरु लगानिका कुराहरु धेरै कुराहरु भाछ। अहिले धेरै लामो ब्याख्या गरिन त्यसमा । त्यस्तै प्रकारले भ्रमण वर्षको उद्घाटन कार्यक्रम पोखरामा हुने भाछ। पोखराको राजधानी आठौं दक्षिण एसियाली खेलकुद साकको यहाँ ८ ओटा इभेन्टहरु भयो। काठमाडौंमा भन्दा पनि यहाँ आएका खेलाडीहरुले यहाँ पोखरामा पोखराको रमणिय दृष्यहरुको धेरै गरेर उनीहरुलाई खेल सकिंदा खेरी यहाँ २/४ दिन बसेर फेरी पनि फर्कि फर्कि आएर हाम्रो पोखराको धेरै प्रचार भो भन्ने लाग्छ। यहाँको सबै टुर्नामेण्ट एकदम भव्यताका साथ हामीले समप्पन गर्या छौं। पोखरा तपाईंको। खेलकुदको राजधानीको रुपमा विकास गर्न

सकिन्छ। हुन सक्छ भनेर सम्भवाना देखाएकै छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएको ६१ बुँदे निर्देशनलाई हामीले पानला गर्ने गण्डकी प्रदेश समन्वयको बैठकले निर्णय गर्या छौं। ८६ ओटा संस्थाहरुले प्रदेश सरकार र ८५ ओटा स्थानीय सरकारहरुले सरकारले यसको निर्देशन पालना गर्ने भनेर गर्या छौं। गण्डकी बिश्वबिद्यालयको स्थापना गर्दै छौं। गण्डकी विश्वबिद्यालयको चान्सरको सिफारिसको लागि कार्यदल बनाएको छ। चान्सरको रोसर्ट तयार गरेर अब उहाँहरु लास्ट अन्तरवार्ता लिएर सिफारिस गर्नु हुन्छ। त्यसको आधरमा ती सिफारिस मध्येबाट मुख्य मन्त्री पहिलो पटक मुख्यमन्त्री नियुक्ति गर्छ। अर्को पटक मुख्यमन्त्री नियुक्ति तपाईंहरुले बनाएको कानून हो त्यो। त्यस्तै प्रकारले गण्डकी विश्वबिद्यालयको न्यायसिक परिषद् हामीले गठन गर्दै छौं। त्यसको लागि पनि सिफारिस कमिटी बनिसक्या छ। र गण्डकी बिश्वबिद्यालय, गण्डकी प्राविधिक तथा ब्यावसायीक तालिम प्रतिष्ठान, गण्डकी आयुर्बेद अस्पताल, प्रदेश स्तरिय औधोगिक ग्राम, क्रीकेट खेलमैदान र सूचना प्रविधि पार्क स्थापना गर्न आवस्यक पर्ने जग्गा प्राप्ति सम्बन्धि विषय नेपाल सरकारसँग स्वीकृतिको प्रकृयामा रहेकोछ। अहिले बल्ल स्वीकृतिमा रहेको छ। नेपाल सरकारबाट वालिङ, विहादि, पुतलीबजार, बाग्लुङ, आबुखैरेनी सिरानचोक, राइनास, सहिद लखन गा.पा, ताराखोला, अर्जुनचौपारीमा औधोगिक ग्राम स्थापना गर्न स्वीकृति प्राप्त भइसकेको छ । यसमा के भन्न चाहान्छु भने हामीले ८५ ओटामा सम्भाव्यता अध्ययन गर्दा १६ ओटामा सम्भावना नभएको १० ओटामा तत्काल नभएको , ५१ ओटा मध्ये अब स्विकृति भयो भने यो सबै कामहरु हाम्रा थालनी हुन्छ। २१ ओटाको मात्रै तपाईको त्यहाँबाट रिपोर्ट प्राप्त स्थानिय तहबाट ३० ओटाको रिपोर्ट आउन बाँकी छ। ५१ ओटा मध्ये २१ ओटा हामीले सबै डिटेलमा सहित संघमा पठाएको संघमा सेलेक्सन हुँदा खेरी हामीले २१ ओटा हामीले पठाउदा खेरी, सेलेक्सन हुँदा खेरी जम्मा नेपाल भरि बाट उनीहरुले ७ ओटा प्रदेशबाट २१ ओटा स्विकृत गर्यो। २१ ओटा स्विकृत गर्दा खेरी हाम्रो २१ मध्येको ११ ओटा स्वीकृत गर्यो। ५ नम्बरको ४ की ५

अरु १ की २ १ की २ गरेर ५१ % भन्दा बढि हाम्रो प्रदेशको स्वीकृत भछ। औधोगिक ग्रामहरु। यो पनि खुसीको कुरा हो। अब हाम्रो औधोगिक ग्रामको कामहरु हामी सुरु गर्छौं। धवादि फलाम कम्पनी लिमिटेडमा प्रदेश सरकारले त्यसकोमा कम्पनी बनाएर संघीय सरकारले कम्पनी बनाछ। त्यो कम्पनीमा तपाईंको ५५% सेयर सरकारको हुने, ४५% निजी क्षेत्रलाई दिने भन्ने रैछ। त्यो ४५ % मा ५०% संघको हुने ५% मा ३% प्रदेशलाई २% स्थानीयलाई रैछ। त्यसको हिसाबले हामीले १२ करोड रुपैंया दिनु पर्ने उनीहरुलाई। बुझाउनु पर्ने। १२ करोड हामीले दाखिला गर्यौ सेयरको को रुपमा हैन। हामीले हामीलाई कमसकम १५% दिनु पर्छ। ४८% हामी हातमै लिएर बस्या छौं। सेयर हामी बुझाउँछौं भन्या छौं। त्यसकारणले हामीले १२ % थप्नु पर्यो । हामीले माग गरेर नेपाल सरकार समक्ष हामीले प्रस्ताव लेखेर पठाछौं। नेपाल सरकारको आर्थिक वर्ष ७६/७७ को लागि विशेष अनुदानमा प्रदेश सरकारलाई छुट्याएको १० अर्ब रकम मध्ये गण्डकी प्रदेशले कुल रकमको २०% हुन आउने १ अरब ९७ करोड १६ लाख रुपैया हामीले प्राप्त गर्या छौं। सबै भन्दा धेरै अनुदान प्राप्त गर्ने प्रदेश गण्डकी प्रदेश हो। म यहाँ तपाईहरु समक्ष के जानकारी गराउन चाहान्छु भने देखि माननीय सभामुख महोदय, यो उनीहरुले प्रदेश राष्ट्रिय योजना आयोगले हामीलाई सम्पुर्ण अनुदानमा समाबेश हुने योजनाहरु पठाउ भन्या थियो। त्यसको ३ ओटा मापदण्ड रहेको थियो। एउटा रिपोर्ट हुनु पर्यो। या डेटर प्रोजेक्ट रिपोर्ट हुनु पर्यो। या त्यो पनि भएन भने इन्जिनियर रेपोर्ट हुनु पर्यो। या स्टिमेट हुनु पर्यो भन्ने हो। हामीले ६८ ओटा सडकहरुको सबै स्टीमेट गरेर पठाएको पठाउँदा खेरी त्यहाँ सेलेक्सन हुदाँ खेरी ५५ ओटा सेलेक्सन भएका नेपाल भरिबाट नेपाल भरि बाट ५५ ओटा सेलेक्ट हुँदा ५० ओटा सडकहरु प्रदेश ४ को गण्डकी प्रदेशको मात्रै पर्यो। अरु ६ ओटा प्रदेशको ५ ओटा मात्र पर्यो। अब फर्सादि के पर्यो भने हामी ५० ओटा दिनी कुरो त आएन। दामासाही हिसाबले दिनि कुरा गर्या हुनाले हामीले राम्रो काम गरेको बापत हामीले दण्ड पाउने हो की पुरस्कार पाउने हो?

भनेपछि सजाय पाउने हो की पुरस्कार पाउने हो? अलि बढि तपाईंलाइ दिन्छौ। त्यसकारणले प्रदेशमा १६ ओटा सडक आयोजनाको लागि एक अरब ११ करोड १६ लाख रुपैंया हामीले पाएका छौं। त्यत्ति नै रकम हामीले खर्च गर्नु पर्छ। भने पछि २ अर्ब २२ करोड ३२ लाख खर्च हुन्छ। त्यसको लागि विशेष अनुदानमा एक घर एकधारा कार्यक्रमको लागि ३० करोड रकम प्राप्त गर्या छौं हामीले। आधारभुत खानेपानी कार्यक्रमको लागि अहिले सम्म आधारभूत पानी नै नपुग्या ठाउँको लागि २० करोड हामीले ल्याएका छौं। ५० करोड भयो। र ससर्त अनुदानमा खानेपानी का लागि त्यसमा पनि हामीले ३० करोड हिजो अस्ति मात्र हामीले ल्याएका छौं। भनेपछि हाम्रो ८० करोड पानीमा आएको छ। त्यस्तै प्रकारले स्वास्थ्य क्षेत्रको सुढृढिकरणको लागि ११ ओटा जिल्ला अस्पताल हामीलाई हस्तान्तरण भाछ। जिल्ला अस्पतालहरु सुढृडीकरणको लागि हामीले प्रस्ताव गरेको होइन। एक अरब प्रस्ताव गरेको १ अरब तपाईंलाई दियो भने यहाँ चार अरब बाकीं रहन्छ ४ अरबमा ७५३ ओटा गाउँपालिका नगरपालिका ६ ओटा सरकारलाई के दिनी तपाईँहरुलाई सबै भन्दा बढि तपाईंहरुलाई पर्ने भयो। एउटा अस्पातालको सरदर ३ करोड दरले पर्ने गरेर २३ करोड ३३ करोड रकम हामीले प्राप्त गर्या छौं। सक्षरता अभियानको लागि हामीले माग्रेको करिब २०/ २५ करोड मा ३ करोड प्राप्त भाछ। र राष्ट्रिय समस्या समाधान विकास हामी गठन माथि केन्द्रमा छ। प्रधानमन्त्री अध्यक्ष, सचिब नेस्नल प्यानिकको उपध्याक्ष, मेम्बरहरु र मन्त्रीहरु र त्यहाँको मुख्यमन्त्रीहरु त्यसको सदस्य हुने, यहाँ हामीले गण्डकी प्रदेश विकास समस्या समाधन विकास समिति बनाउँदै छौं । त्यसमा हामीले पालिकाको प्रमुखहरु र गण्डकी प्रदेशको मन्त्रीपरिषद् यति हामी यति र प्लानिङ कमिसन विकास समस्या समाधान समिति बनाउँछौं। यसको बैठक बोलाएर हाम्रो विकासमा कहाँ कहाँ समस्या छ त? भनेर पत्ता लगाएर त्यसको समाधान हामी अगाडि बढ्ने कुरा गर्छौं। यति कुरा यहाँहरु समक्ष राखेर कृषि उपजमा उद्यामता विकास गर्ने उद्देश्यले गण्डकी प्रदेशले युवा तथा विशेषलाई बिभिन्न जिल्लाबाट छनोट गरी लामो अवधिको कृषि र

बागवानी तालिम दिने कार्य अगाडि बढाईराछ। प्रभ्याब्ली यसलाई हामी इजरायलमा पठाउने ११ महिनाको लागि त्यहाँबाट हामीले बोन्ड गरेर त्यहाँबाट आईसकेपछि त्यहाँ जे सिकेर आयो त्यही यहाँ गर्ने उनीहरुलाई पैसा पनि लर्न एण्ड अर्न भन्छ पैसा पनि कमाउछन् र काम पनि सिक्छन। त्यो आधारमा हो। गण्डकी काउफार्म रिसर्च सेन्टर हामीले खोल्न चाईनिजहरुको सहयोगमा खोल्न खोज्दै छौं। यसको हामीले धेरै डेटेल अहिले यहाँ भन्ने स्थितिमा छैन किन भने अब यो डि.पि.आर को चरणमा छ अहिले । यो डिपिआर तयार भएपछि यो काम हाम्रो यहाँबाट सुरु हुन्छ। त्यसकारणले महत्वपूर्ण उपलब्धिहरु हामीले हासिल गर्या छौं। हैन? र यसपटक हामीले लिफ्टिङ सिस्टम गर्यौ। महिलाहरु सुत्केरीको बेला प्रसुती रोग लाग्या बेला र त्यो सुत्केरी हुन नसकेर अकालमै ज्यान जाने बेला लिफ्ट गरेर हेलिकप्टरले लिफ्ट गरेर ल्याएर ११ जना होला जस्तो लाग्छ, त्यतीको यसपटक हामीले ज्यान बचाएका छौं। र डेङ्गो र उनीहरुलाई विशेष अभियान चलाएर । मृगौला रोगको डाईलसिस बिभिन्न अस्पताल जिल्ला अस्पतालमा बिस्तार गर्नु पर्यो भनेर हाम्रो प्लानिङ बन्दै छ। बजेट पनि छ हामीसँग । छुट्याएर इकोमिटर कीन्दिने त्यहाँ जनशक्तिको तालिम दिने काम पनि हामी पनि गर्दै छौं। र हाम्रो नेपालमा पहिलो पटक अन्नपुर्ण आधार शिबिर बनाउने भनेको त्यहाँ अल्लि कति पहिरोको जोखिम भएर माछापुछ्रे आधार शिविर हामीले कोरियन हरुको सहयोग २५ करोड को उद्दार केन्द्र स्थापना गर्या छौं। २ ओटा अस्पताल मनाङ र मुस्ताङ खोल्दिने पनि हाम्रो सहमति भाछ। त्यो पनि हामीले पहिलो उद्धार केन्द्र हाम्रो हिमाली क्षेत्रमा बनेको भाछ। त्यस्तै १२१ सिँचाई आयोजनाहरुको ठेक्का सम्झौता भैसक्या छ। ११६ ओटा नदि नियन्त्रण र पहिरो नियन्त्रण सम्बन्धि योजनाहरुको ठेक्का सम्झौता भैसक्या छ। ४० ओटा बिद्युत बिस्तार सम्बन्धि योजनाहरुको ठेक्का सम्झौता भैसकेको २ वर्षबित्र राष्ट्रिय प्रसारण लाईनमा सबै ठाउँमा बिजुली पुर्याउने गण्डकी उज्यालो यो वर्ष सबै ठाउँमा बत्ति बल्छ। र हाम्रो आफ्नो कारबाही नभएको हुनाले नेपाल बिद्युत प्राधिकरणको बुटवल क्षेत्रीय कार्यालय र पोखरा

क्षेत्रीय कार्यालयसँग सम्झौता गरेर बुटवल क्षेत्रीय कार्यालय हाम्रो नवलपुर जिल्लामा काम गर्छ। अरु बुटवल पोखरा क्षेत्रीय कार्यालयले तपाईंको १० ओटा कार्यालयमा बाकीँ रहेका गाउँ बस्तिमा बिजुली पुर्याउने काम हुन्छ।छैन त्यहाँ हामीले सोलारबाट बिजुली पुर्याउँछौं। उत्पादनको काम हुन लाग्या छ। बिजुली पनि हामी पुर्याउँदै छौं। त्यस्तै प्रकारले ९४५० ओटा पुराना जिर्न काठेपुलहरु यसपटक यो वर्ष विस्थापित गरौं। यस आर्थिक वर्ष बिस्तार गर्छौं। हामीले बिस्तापित गर्या छौं र । ५वर्ष भित्र सबै काठेपोलहरुलाई स्टिलपोलह्ले बिस्तापित गर्ने अभियान हाम्रो जारी छ। त्यसकारणले गर्दा खेरी १३०ओटा आवेदन प्राप्त गरेको हामीले हालसम्म कुवा खोला वा खोल्साबाट सिधै पानी खाईरहेका हरुका लागि खानेपानी उपलब्ध गराउन प्राप्त भएका निवेदन मध्ये १३० ओटा खानेपानी आयोजनाहरु स्वीकृत गरी ४/५ सय थियो तर हामीले सबै बुझ्दा खेरी १३० ओटा आवश्यक रछ भन्ने कुरा। महसुस गरेर त्यो भन्या छौं। हामी यो रकम पनि ल्याई सक्या छौं। यो मङ्सिर सम्ममा ३ हजार एकघर एकधारा अन्तर्गत खानेपानी सेवा पुर्याएको र सशर्त अनुदान अन्तरगत हस्तान्त्रण भएका ४ सय खाने पानी आयोजनाहरु हामीले बनाउदै छौं। र त्यसतै प्रकारले ५५ ओटा खानेपानीका आयोजनाहरु सम्पन्न गर्ने तयारीमा रहेको छ। एक निर्वाचन क्षेत्र एक सडक अन्तरगतका सडकहरुमध्ये ३१ ओटा सडकको निर्माण काम भैराछ। आर्थिक वर्ष ७६/७७ मा एक करोड ५० लाख वसोवास भन्दा कम बजेट विनियोजन भएका ५२ ओटा सडकहरुको निर्माण कार्य पनि सुरु भैसक्या छ। ५४ ओटा झोलुङ्गे पुलहरु निर्माणाधिन छन् अहिले। यति कुरा यहाँहरु समक्ष राखेर माननीय सभामुख महोदय मैले लामो समय किन लिनु पर्यो भने देखि यो प्रदेशको सरकारले गरेका केही कामहरु मैले यहाँ राख्दै केही समय लामो भाछ म के भन्न चाहान्छु भने देखि गण्डकी विश्व बिद्यालय विश्वबिद्यालय खोल्ने गण्डकी एक नम्बरको प्रदेश आफ्नै तालिम केन्द्र, ब्याबसायी तालिम केन्द्र प्राविधिक कलेज खोल्ने प्रदेश गण्डकी प्रदेश पहिलो प्रदेश जग्गा हामी प्राप्त गर्ने चरणमै छौं। हामीले बजेट छुट्याएकै छौं। सुरु

गर्छौं हामी । हाम्रो एउटा निजी क्षेत्रबाट क्यान्सर अस्पताल खोल्ने पनि हामी कुरा गरिराख्या छौं। त्यो पनि सम्भावना छ। गण्डकी बाल अस्पताल खोल्ने ७ ओटा प्रदेश मध्ये गण्डकी प्रदेश पहिलो प्रदेश हुन्छ। हामी अब निकट भबिष्यमा त्यो जग्गा प्राप्त हुने बित्तिकै हामी गरिहाल्छौ । जग्गा प्राप्त गर्ने चरणमा छौं हामी। त्यसकारण धेरै कुरहारु हामीले सुरु गर्या छौं। यो प्रत्येक घरमा तपाईको उज्यालो प्रदेश गण्डकी प्रदेश हाम्रो नयाँ प्रोजेक्ट हो हाम्रो। अरुको यस्तो प्रोजेक्ट छैन। अब कृषिको कुरा गरिएकै छैन यहाँ। त्यसकारण गर्दा खेरी यो सबै कुरा हामीहरुले गरिराख्या छौं। तर यो श्रोत साधनको अभाव कर्मचारीको अझै अभाव त्यसमा पनि प्राविधिक कर्मचारीको अझै अभाव र अझै हामीले पुरानै कार्यशैलीले गर्दा खेरी हामीले काम गर्न धेरै गाह्रो भैराख्या छदैछ र पनि हामीले उत्साहका साथ काम गरिराख्या छौं। यति कुरा यो सम्मानित सदन समक्ष पेश गरेर म आफ्नो भनाई अन्त्य गर्ने अनुमति चाहान्छु। धन्यवाद!

### माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु अब म मिति २०७६ साल भाद्र ६ गते बसेको सभाको चौंथो अधिवेशनको छत्तिसौं बैठकबाट दफावार छलफलका लागि विधायन समितिमा पठाईएको गण्डकी प्रदेशमा सुशासनको प्रत्याभुती गने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक प्रतिवेदन सहितको विधेयक सभा समक्ष प्रस्तुत गर्न सो समितिका सभापती माननीय श्री मोहन प्रसाद रेग्मिलाई समय दिन्छु।

## माननीय श्री मोहन प्रसाद रेग्मी

माननीय सभामुखज्यू, मिति २०७६ साल असोज ९ गते बसेको यस सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि बिधायन समितिमा पठाईएको प्रस्तुत गण्डकी प्रदेशमा सुशासनको प्रत्याभूती गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकका

सम्बन्धमा छलफल गर्न मिति २०७६ साल पौष १८ र २० गते समितिको बैठक बसेको थियो। समितिको बैठक समितिका मनानीय सभापती मोहन प्रसाद रेग्मीको अध्यक्षतामा बसेको थियो। बैठकमा समितिका माननीय सदस्यहरु आशा कोइराला, चन्द्रबहादुर बुढा, धनमाया पोखेल लामा, पियारी थापा, मणिभद्र शर्मा, मनबहादुर गुरुङ, राजिब पहारी, ललितकला गुरुङ, साबित्रा राना, र माननीय आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान समेतको उपस्थित रहेको थियो। साथै समितिको बैठकमा गण्डकी प्रदेश प्रदेश सभाका माननीय सभामुख नेत्रनाथ अधिकारीको विशेष उपस्थिति रहेको थियो। यस प्रकार बिभिन्न मितिमा बैठक बसी ब्यापक छलफल गरी सबैको राय र परामर्श समेतलाई समावेश गरी प्रस्तुत विधेयकमा विधेयकका सम्बन्धमा सर्बसम्मतिबाट निर्णय बमोजिम निर्णय भए बमोजिम बोलाउन संसोधन सहितको प्रतिवेदन गण्डकी प्रदेश प्रदेश सभा निमावली २०७४ को नियम ११९ बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु। मोहन प्रसाद रेग्मी सभापती, विधायन समिति धन्यवाद।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु अब यो बैठक २०७६ साल पौष २४ गते दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ।